# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वव्यापी रूपमा मौलाएको गरिबीले हाम्रो जस्तो मुलुकमा पनि जरा गाडिसकेको छ । विश्वका विभिन्न अल्पविकसित मुलुकहरू जस्तै नेपालमा पनि गरिबीको स्तर बढ्दो क्रममा छ । यसका विभिन्न कारणहरू रहेका छन् । गरिबीको कारणबाट मानिसले जीवनयापनका लागि जस्तो सुकै तरिका पनि अपनाउन बाध्य हुनुपर्ने अवश्था छ । यसै सन्दर्भमा नेपालमा भिख माग्ने कार्य अपनाउने मानिसहरूको संख्या पनि कम मात्रामा छैन । यस्ता मगन्तेहरू समाज मात्र नभएर राष्ट्रकै समस्याको रूपमा खडा भएका छन् । देशमा धेरै ठूला राजनीतिक परिवर्तहरू त आए तर यस्ता मगन्तेहरूको समस्या समाधानको निम्ति पहल हुन सकेको देखिदैन ।

नेपाल विश्वका सातौं गरिब देशहरू मध्ये एक गरिब देश हो । नेपालमा कुल जनसङ्ख्याको ४९% जनता निरपेक्ष गरिब रेखामुनि छन् । विश्व बैङ्कको प्रतिवेदन सन् १९९२ अनुसार नेपालको प्रतिव्यक्ति आय १७० अमेरिकी डलर मात्रै छ, जुन दैनिक जीवन निर्वाहका लागि ज्यादै नै अपर्याप्त देखिन्छ । नेपालका अधिकांश जनताहरू (८१.३%) कृषिमा आश्रित भएपनि यहाँको कुल भू-भाग मध्ये १८% भू-भाग मात्र खेतीको लागि प्रयोग भएको देखिन्छ । जसको परिणाम स्वरूप नेपालीहरूको जीवनस्तर दिन प्रतिदिन दयनीय बन्दै गइरहेको छ (के.त.वि. १९९५) ।

मगन्ते पेशामा सम्मिलित मानिसहरू विभिन्न उमेर समुहका हुन्छन् । विशेष गरेर बालक र बृद्धावश्थाका मानिसहरू यो कार्य गरिरहेको देखिन्छ । यसका कारणहरू पनि विभिन्न छन् । बालबालिकाहरू आफ्नो परिवार गुमाएर एक्लो भएर जीवन गुजाराको निम्ति अरु विकल्प केही पनि नहुँदा यो पेशामा संलग्न भएको देखिन्छ भने बृद्धबृद्धाहरू परिवारबाट अपहेलित भएर आएको देखिन्छ । कोही अति बिपन्नताको कारण, कोही प्राकृतिक प्रकोपको

कारण घरबारबिहीन भएर मगन्ते हुन बिवश छन् । यसरी नेपालमा मगन्ते पेशामा सम्मिलित मानिसहरूका आ-आफ्नै समस्या र बाध्यताहरू छन् ।

नेपाल दिनप्रतिदिन गरिबीको रेखामूनि धकेलिनु पर्ने विभिन्न कारणहरू रहेका छन् । अत्यधिक जनसङ्ख्या बृद्धि, अनुत्पादक क्षेत्रमा लगानी, प्राकृतिक प्रकोप, अविकाश जस्ता कारणहरू यसका जिम्मेवार रहेका छन्। यस्तो अवश्थामा गरिब जनताहरू आर्थिक अभावको कारण भिख मागी जीवन गुजारा गर्न बाध्य भएका छन् । यस्ता भिख माग्नेको सङ्ख्या बृद्धि हुनुले समाज तथा राष्ट्रकै ठुलो समस्या खडा गरेको छ । जसले गर्दा राष्ट्र विकास तर्फ भन्दा पनि विकासबाट बिमुख हुदै गईरहेको छ । किनकि जुन राष्ट्रका जनता सम्पन्न हुन्छन् त्यो राष्ट्र स्वतः विकसित हुन्छ ।

जीवनयापनको लागि चाहिने आधारभूत कुराहरूको अभावमा मानिसहरू विभिन्न ठाउँमा दयनीय अवश्थामा भीख मागिरहेको यत्रतत्र देख्न सकिन्छ । यस्ता मगन्तेहरू विभिन्न सार्बजनिक स्थल जहाँ मानिसहरूको आवागमन बढी हुन्छ, त्यस्तो ठाउँमा बढी मात्रामा हुन्छन् । ब्यस्त सडकको पेटी, धार्मिक स्थल, बजार, पार्क आदि ठाउँमा बढी मात्रामा भेटिन्छन् । धार्मिक स्थल जहाँ मानिसहरू धार्मिक दृष्टिकोणले भगवानको दर्शन गर्न आउँछन् त्यस्ता स्थलहरूमा मगन्तेहरू अधिकांश मात्रामा भेटिन्छन् । धार्मिक स्थल र मगन्तेहरूको सम्बन्ध धार्मिक दृष्टिकोणले पनि घनिष्ट नै मान्न सकिन्छ । धर्मको नाममा मगन्तेहरूलाइ केही दान गरेमा देवताहरू पनि खुसी हुने र अर्काको उपकारबाट नै आफ्नो भलाई हुने धार्मिक सोचाइ अनुरूप भगवानको दर्शन गर्न जाँदा मगन्तेलाइ पनि केही न केही कुराहरू आफुले सकेजति दान गर्ने चलन पनि नेपालमा परापूर्व कालदेखि चल्दै आएको छ ।

मगन्तेहरू आफ्नो निजी तथा सामाजिक समस्याले गर्दा भिख माग्न बाध्य भैरहेका हुन्छन् । यस्ता मगन्तेहरू विशेष गरेर निम्नलिखित किसिमका देख्न सकिन्छ ।

- ढोका ढोकामा गएर भीख माग्ने मगन्ते
- एक निश्चित ठाउँमा बसेर भीख माग्ने मगन्ते
- अपाङ्गताको कारणले भिख माग्ने मगन्तेहरू

सामान्यतया मगन्तेहरू माथि उल्लेखित दुइ तरिका अपनाएर भीख मागिरहेको हामीले सहजै देख्न सक्छौं । निश्चित ठाउँमा बसेर भीख माग्नेहरू विशेष गरी बृद्ध, अशक्त, अपाङ्ग, रोगीहरू देख्न सकिन्छ । ढोका ढोकामा गएर भीख माग्ने मगन्तेहरू चाँहि शारिरिक रूपमा स्वश्थ हुँदाहुदै पनि अत्यन्त निम्न आर्थिक अवश्थाको कारणले भीख मागिरहेका हुन्छन् । यस्ता भीखारीहरू पनि कोही उपचारार्थ, कोही राजनीतिक दलहरूको दबावबाट, कोही दैबिक बिपत्तीको चपेटामा परेर आदि इत्यादी कारणले गर्दा भिख माग्ने गरेको देखिन्छ ।

निश्चित ठाउँमा बसेर भीख माग्नेहरू विशेष गरी बृद्ध, अशक्त, अपाङ्ग, रोगीहरू देख्न सकिन्छ । निश्चित ठाउँमा बसेर भीख माग्ने मगन्तेहरू विशेष गरी धार्मिक स्थलमा बढी देखिन्छन् । यस्ता मगन्तेहरू देशभर नै ब्याप्त रूपमा रहेका छन् । यहाँ नेपालका मात्र नभएर छिमेकी राष्ट्र भारतबाट आएका मगन्ते पनि साधु महात्मा आदिको रूपमा भगवानको नाममा भन्दै पैसा, चामल आदि संकलन गर्दै हिडेको हामीले प्रत्यक्ष रूपमा देखिरहेका हुन्छौं ।

दिनप्रतिदिन मगन्तेहरूको सङ्ख्यामा बृद्धि भैरहेको हुनाले मगन्तेको सङ्ख्या यकीन गर्न गाह्रो भैरहेको छ । यसै सन्दर्भमा गौशालामा अवश्थित भगवान श्री पशुपतिनाथको मन्दिर वरपर छरिएर रहेका मगन्तेहरूलाइ लक्षित गरी अध्ययन गर्ने कोशिश गरिएको छ । यस क्षेत्रमा आएपछि हरेक बिघ्न बाधा हट्ने र भगवान श्री पशुपतिनाथले हरेक भक्तको रक्षा गर्ने विश्वासको कारणले यहाँ भक्तजनको सङ्ख्या पनि अरु देवालय र मन्दिरमा भन्दा बढी नै हुन्छ । मानिसले जीवनमा कम्तीमा एकपटक पशुपतिनाथको दर्शन गर्नुपर्छ भन्ने भावनाले गर्दा देशभित्रका मात्र नभएर छिमेकी राष्ट्र भारत र अरु राष्ट्रबाट आएका पर्यटकहरू पनि यहाँ आउने गर्दछन् । यहाँ भक्तजनको चाप बढी हुने र भक्तजनले धर्मको नाममा र दयाभावले मगन्तेहरूलाइ आफ्नो गक्ष अनुसार केही न केही दिने भएकाले गर्दा पनि मगन्तेहरूको सङ्ख्या अरु ठाउको तुलनामा बढी छ । यसप्रकार मगन्तेहरूको सङ्ख्यामा बृद्धि हुनुले देशको अर्थतन्त्रमा नकारात्मक स्थितिको सिर्जना नहोला भन्न सकिदैन । तर यस समस्या तर्फ नेपाल सरकारको न कुनै नीति तर्जुमा हुन सकेको छ न त ध्यानाकर्षण नै भएको पाइन्छ । मगन्तेहरू पनि विभिन्न किसिमका हुन्छन् । कोही बृद्ध, रोगी, अशक्त छन् भने कोही बालक तथा युवा मगन्तेहरू पनि छन् । यस्ता बाल तथा युवा मगन्तेहरूले

दर्शनार्थीको पाकेट मार्ने, जबरजस्ती बाटै छेकेर केही माग्ने जस्ता व्यवहार गर्ने गर्दछन् । परिवार भएका मगन्तेहरू पनि मागेर पाएको पैसा र अन्य कुराले मात्र आफ्नो र परिवारको सामान्य पालनपोषण गर्न पनि ज्यादै कठिन भएकोले यस्ता खराब कार्यहरू गर्न बाध्य छन् । कोही मगन्तेहरू त सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान गर्ने तथा लागुपदार्थ दुर्व्यसनमा पनि लागेका हुन्छन् । यसरी मगन्तेहरू र मगन्तेबाट समाज तथा राष्ट्रमा पर्ने सामाजिक समस्यालाइ सरकार तथा सम्बन्धित निकायमा ध्यान पुर्याउन जरुरी छ ।

## १.२ समस्याको कथन

हाम्रो देश नेपालमा गरिबीको स्तर अति नै दयनीय छ । मानिसले जीवनयापनका लागि धेरै नै संघर्ष गर्नु परिरहेको छ । जीवनयापनका विभिन्न प्रकृयाहरू अवलम्बन गर्दा गर्दै पनि कतिपय यस्ता जनसमुदाय छन् जसलाइ यस्तो बाध्यता हुन्छ कि आफू केही गर्न सक्दैनन् र भिख मागि खान बाध्य हुनु पर्दछ । यिनीहरू मानिसहरूको घर घरमा गएर भिख माग्दछन् । कतिपय चाहिँ सार्वजनिक स्थलहरूमा बसेर भिख मागी जीवन गुजारा गरिरहेका हुन्छन् । मगन्ते वा भिख मागी खाने पेशामा लागेका मानिसहरूले समाजमा पार्न सक्ने समस्याहरू प्रशस्त छन् । दिनप्रतिदिन बढ्दै गइरहेको मगन्तेहरूको सङ्ख्याले सामाजिक संरचनमा नै प्रतिकुल असर पारिराखेको हुन्छ ।

दर्शनार्थीहरूलाइ जबरजस्ती भिक्षा दिन बाध्य तुल्याउने र पाकेट मार्ने कामहरू पनि देखापरेका छन् । यस्ता मगन्तेहरूको कियाकलापबाट धार्मिक प्रबृत्तिमा नै ह्रास नआउला भन्न सकिदैन । मगन्तेहरूबीचको झगडा, भिक्षा माग्न तछाडमछाड गर्ने, दर्शनार्थीहरूको बाटो छेकेर दयनीय अवश्था देखाउने मगन्तेको कियाकलापबाट धार्मिक स्थलको गरिमामय छवी धमिलिदै गएको अनुभव गर्न सकिन्छ । यसप्रकार मगन्ते कमिक बृद्धिबाट समाजमा पर्न सक्ने समस्याको समाधान तत्काल खोज्नु अत्यावश्यक भैसकेको छ । मगन्तेहरूको सङ्ख्यामा बृद्धि हुनुको मुख्य कारण गरिबीलाइ नै लिन सकिन्छ ।

गरिबी निवारण कोषले गरिबीको स्तर ५७ प्रतिशत रहेको जनाएको छ । त्यस्तै एम. पी. आइ. ले ६४ प्रतिशत जनङ्ख्या गरिब रहेको देखाएको छ (जीविका, माघ २०६८) ।

मगन्तेहरूको कारणबाट समाजमा धेरै समस्या देखा परेको पाइन्छ । विदेशी पर्यटकहरूलाइ पनि यिनीहरूले गर्दा समस्या भएको देख्न सकिन्छ । बाटो छेकी छेकी पैसा माग्ने दु:ख देखाएर उनीहरूलाइ अल्मल्याउने गरेको पर्यटकहरूको गुनासो पाइन्छ । यसले गर्दा विदेशीहरू माझ नेपालीको छविमा आच आउन पुग्दछ । उनीहरूलाइ नकारात्मक असर पर्दछ । जसको असर सिधै सामाजिक प्रतिष्ठा र हाम्रो देशको अर्थतन्त्रसगँ जोडिएको छ । त्यस्तै मगन्तेहरूको स्वास्थ्य सम्बन्धि सचेतनाको र औषधीको अभावले गर्दा उनीहरूलाइ बिभिन्न किसिमको सरुवा रोग लाग्ने र यसको असर पुरै समाजमा फैलने खतरा पनि हुन्छ । आफ्नो आवश्यकता पुरा गर्न नसकेर उनीहरू विभिन्न आपराधिक कियाकलापमा संलग्न भएको पाइन्छ । यसरी मगन्तेहरू ज्यानको बाजी लगाइ आपराधिक कार्यमा सरिक हुनुले सामाजिक जनजीवनमा अस्थिरता आउनुको साथै धार्मिक गतिबिधिमा समेत उदासिनता देखा पर्दछ ।

यसै क्रममा निम्न लिखित समस्याको समाधान हेतु अध्ययन गरिएको छ ।

१) पशुपति क्षेत्र वरिपरि मगन्तेहरू कहाँबाट, कुन उद्देश्यले यहाँ आइ वसें ?

२) मगन्तेहरू कुन उमेर समुहका कति छन् ?

३) मगन्तेहरूको सामाजिक, आर्थिक कस्ता कस्ता समस्याहरू छन् ?

## १.३ अध्ययनको उद्देश्य

यो शोध अध्ययन काठमाडौंको गौशालास्थित भगवान श्री पशुपतिनाथको मन्दिर वरिपरि बस्ने मगन्तेहरूलाइ मात्र केन्द्रित गर्ने उद्देश्य अनुरूप रहेको छ । यस अध्ययनमा बालक देखि बृद्ध सम्मका माग्ने पेशामा सम्मिलित व्यक्तिहरू रहन्छन् । यस शोध अध्ययनको मुख्य उद्देश्य पशुपति क्षेत्रका माग्नेहरूको माग्ने कारण पत्ता लगाइ उनीहरूको आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक स्थितिहरूको विश्लेषण गर्नु हो । यस अध्ययनका अन्य उद्देश्यहरू निम्नानुसार छन् ।

- पशुपति क्षेत्र वरिपरि माग्ने पेशामा सम्मिलित माग्नेहरू कसरी, कहाँबाट, कुन उद्देश्यले यहाँ आइ बसे ? त्यसको ऐतिहासिक जानकारी प्रप्त गर्नु ।

- यस क्षेत्रमा बसी मगन्ते जीवनमा संलग्न व्यक्तिहरूको आर्थिक, सामाजिक, पारिवारिक, अवश्थबारे अध्ययन गर्नु । कुन जाती कहाँबाट बढी मात्रामा आएका छन् त्यसको कारण पत्ता लगाउनु ।

- मगन्तेहरूको समस्या, अनुभव, कार्यकलापहरू, समस्या समाधानका उपायहरू पत्ता लगाइ उनीहरूको भविष्य बारेको सोचको अध्ययन गरी सम्बन्धित निकायहरूलाइ सुझाब दिनु ।

- मगन्तेहरू कुन उमेर समुहका कति छन् पत्ता लगाउने र उनीहरू के कारणले यो पेशामा संलग्न भए त्यको कारण पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

जीवनको एउटा पक्ष गरिबी पनि हो । धेरै धनी तथा भौतिक सुख सुबिधाले सम्पन्न मानिस पनि कुनै दिन गरिबीको कुचकमा जकडिन सक्छ । गरिबीको चरम अवश्थासगँ जुध्नको लागि नै व्यक्तिले मगन्ते पेशा अवलम्वन गर्नु पर्ने बाध्यता हुन्छ । भीख मागेर जीवनयापन गर्ने व्यक्ति तथा परिवारको संख्या त नेपालमा प्रशस्तै छ तर न तिनीहरूको वास्तविक संख्याको गणना नै हुन सकेको छ न त तिनीहरूको बिस्तृत अध्ययन नै । त्यसैले गर्दा यिनीहरूको तथ्यांक संकलनको अभाब देखिन्छ । यसै सन्दर्भमा पशुपति क्षेत्र वरिपरि रहेका मगन्ते पेशामा सम्मिलित मानिसहरूको वास्तविक संख्या पत्ता लगाइ तिनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य अवश्था तथा पारिवारिक अवश्थाको अध्ययन गरी समाजमा विद्यमान यस्तो मगन्तेहरूको समस्या र त्यसबाट समाजमा हुने असरको अध्ययन गरी त्यसको निराकरण तर्फ सम्बन्धित निकाय तथा समाजलाइ सही दिशा प्रदान गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

**अध्याय एक : परिचय**

यस **"माग्ने पेशाको सामाजिक पक्षः पशुपति क्षेत्रका मगन्तेहरूको एक अध्ययन"** शीर्षकको शोधपत्रको शुरुवात परिचयबाट गरिएको छ । यसमा अध्ययन क्षेत्रको पृष्ठभूमि उल्लेख छ । मान्छेहरू के कारणले मगन्ते हुँदा रहेछन् र यिनीहरूका के कस्ता समस्या रहेछन्, कस्ता स्थानहरूमा मगन्तेहरू धेरै मात्रामा छन् आदि जस्ता कुराहरू समावेश

गरिएको छ । यसमा 'समस्याको कथन' उपशीर्षक राखि मगन्तेहरूको समस्या र उनीहरूबाट समाज र देशमै हुने समस्याको व्याख्या गरिएको छ । विभिन्न प्रश्नहरू राखि शोधपत्र विषयलाई अझ प्रष्ट रूपमा बुझ्न सहज पारेकी छु । अर्को उपशीर्षक 'अध्ययनको उद्देश्य' मा यस शोधपत्र तयार पार्नु पर्ने उद्देश्य समावेश गरिएको छ । उक्त उद्देश्यमा पशुपति क्षेत्रमा यति धेरै संख्यामा मगन्तेहरू किन आउँछन् ? के कारणले आउँछन् ? कहाँबाट आउँछन् उनीहरूको आर्थिक, सामाजिक, पारिवारिक अवस्था कस्तो छ ? यी र यस्ता कुराहरूको तथ्य पत्ता लगाउने प्रयास गरेकी छु ।

**अध्याय दुई : सन्दर्भ साहित्य समीक्षा**

मेरो शोधपत्रको अध्याय दुईमा पूर्व साहित्य समीक्षा समावेश गरेकी छु । जसमा यस शोधपत्रसँग सम्बन्धित मैले भन्दा अगाडी गरिएको अध्ययनलाई समीक्षा गरी आवश्यक कुराहरू समावेश गरिएको छ । यसमा पहिला गरिएका मगन्तेहरूको अध्ययनको केही अंश समावेश गरिएको छ र मेरो अध्ययनसँग सम्बन्धित अरु पनि विभिन्न पुस्तकहरूको अंशहरू प्रस्तुत गरिएको छ ।

**अध्याय तीन : अनुसन्धान विधिहरू**

यस शोधकार्यको अध्याय तीनमा अनुसन्धान विधिहरू समावेश गरिएको छ । पहिलो उपशीर्षकमा 'अध्ययन क्षेत्रको छनौट' राखिएको छ । पशुपति क्षेत्र वरपर रहेका मगन्तेहरूको अध्ययन गर्ने उद्देश्यले पशुपति क्षेत्र छनौट गरिएको भन्ने कुरा यसमा उल्लेख गरिएको छ । दोस्रो उपशीर्षकमा चाँहि 'तथ्याँकका स्रोतहरू' राखिएको छ । यस शोधपत्र तयार गर्ने क्रममा समाविष्ट तथ्याँक कुन प्रकृयाबाट ल्याइयो भन्ने कुरा यसमा समावेश गरिएको छ । उपशीर्षक नं. तीनमा 'नमुना छनौट' विधि समाविष्ट छ । जसमा कुन प्रकृयाद्वारा कति समयावधिमा विधि सम्पन्न भयो र यसको महत्व दर्शाइएको छ । यसमा अन्तर्वार्ता, अवलोकन र वैयक्तिक अध्ययन विधि भनेर छुट्टाछुट्टै उपशीषक राखिएको छ । कार्यक्षेत्रमा मगन्तेहरूका क्रियाकलाप, समस्या, भिख माग्दा आइपर्ने समस्या, जिविकोपार्जनको समस्या जस्ता भेटिएका तथ्यहरू समाविष्ट छन् । पाँच जना व्यक्तिको मगन्ते हुने कारण पत्ता लगाउन उनीहरूको कथन पनि समाविष्ट छ ।

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय**

यस अध्यायमा मेरो यस शोधकार्यको अध्ययन क्षेत्रको परिचय प्रस्तुत गरेकी छु । यसमा पशुपति मन्दिरको परिचय र यो परिशर कहाँ पर्दछ भनेर विस्तृत जानकारी प्रस्तुत गरिएको छ । यस अध्यायमा अध्ययन क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक पृष्ठभूमि समावेश गरिएको छ ।

**अध्याय पाच : मगन्तेहरूको अवस्था**

यस अध्यायमा मगन्तेहरूको विभिन्न अवस्थाको तालिका सहित विश्लेषण गरिएको छ । जसमा मगन्तेहरूको जातिय वनावट, लैङ्गिक वनावट, मगन्तेहरूको शैक्षिक स्थिति, उनीहरूको जन्मस्थान, पारिवारिक वनोट, उनीहरूको भाषा, धार्मिक स्थिति, वैवाहिक स्थिति, हालको वसोवासको स्थिति, आर्थिक अवस्था, शारीरिक अवस्था, मगन्ते हुनुपर्ने कारण आदि तालिका सहित विश्लेषण गरिएको छ ।

**अध्याय छ : सारांश र निष्कर्ष**

यस अध्यायमा मेरो शोधकार्यको सारांश र निष्कर्ष समाविष्ट गरिएको छ । शोधकार्यको छोटकरी रूप यही अध्यायमा राखिएको छ ।

**सन्दर्भ सामाग्रीहरू**

# अध्याय : दुई

## सन्दर्भ साहित्य समीक्षा

मगन्ते समस्या राष्ट्र र समाजका निमित्त मुख्य समस्याको रूपमा देखा परेको भएता पनि त्यसबाट भविष्यमा हुनसक्ने जटिल समस्यालाई बेलैमा उचित उपचार गर्नु पर्ने देखिन्छ । भिख मागी जीवन निर्वाह गर्ने मगन्ते तथा असहायहरूबारे अनुसन्धानात्मक लेखहरू ज्यादै कम मात्र प्रकाशित भएको पाइन्छ । यहाँ मगन्ते, गरिब, असहाय, लाचार तथा बृद्धबृद्धाहरूको बिषयलाइ लिएर भएका समीक्षाहरूलाइ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

मगन्ते समस्या नेपालको लागि भोलि आउने ठूलो समस्याको रुपमा रहेको छ । उपत्यकामा मात्र मगन्तेहरू पुरुष ३८२ र महिला ३९८ र पोखरामा पुरुष १९ र महिला ७ रहेको छ (गोरखापत्र, २०३० : ४) ।

हाम्रो देशमा रहेका मगन्तेहरूको अध्ययन यकीन साथ गर्न कुनै तथ्य तथा ठोस आधारहरू नभएको हुनाले र दिनप्रतिदिन बढ्दै गएको संख्याको कारण कुनै निश्चित स्थानमा मात्र केन्द्रित रही अध्ययन गर्नु पर्ने बाध्यता महसुस गरिएको छ । श्री पशुपतिनाथको मन्दिर वरिपरि बस्ने मगन्तेको संख्या अन्यत्र मन्दिरहरू भन्दा अधिक हुनुको साथै देवाधिदेव भगवान श्री पशुपतिनाथको मन्दिर स्थाल स्वधर्म, प्रतिष्ठा, मानव मात्रमा बन्धुत्व जगाउने प्रेरणा भूमिको रूपमा रहेको छ । प्राचिन काल देखि नै नेपालीहरूको निमित्त आफ्नो दुःख कष्ट निवृत्तिको लागि हात जोड्ने साधना स्थल, दीन दुखीहरूको सेवकको लागि हात फुकाउने दानभूमि, पारलौकिक अभ्यूदयका लागि यज्ञादि गर्ने धर्मभूमि, मानसिक शान्तिको लागि जपतप गर्ने साधनाभूमि, स्वरूप साक्षात्कारका लागि चिन्तन गर्ने पुण्यभूमि, पूर्व कैवल्यका लागि निर्माण निर्गुण चैतन्यमा स्थिर रहने मोक्षभूमिको रूपमा प्रसिद्ध रहिआएको छ । यसकारणले गर्दा पनि यस क्षेत्रका मगन्तेहरू र यसको सामाजिक प्रभावका बारेमा अध्ययन बिशेष महत्त्वपूर्ण छ (गोविन्द टण्डन) ।

वृद्धाश्रममा आउने मानिसहरू सामाजिक र आर्थिक अवस्था निम्न भएर घर परिवारबाट तिरस्कृत भएर शारीरिक असक्षमताको कारण, एक्लो भएर वा दुःख पाएर वृद्धाश्रममा आश्रित हुनु परेको हो (टीका भट्टराई, २०४१) ।

हाम्रो उपेक्षा, कठोरता, निर्जीवता र यान्त्रिक चिन्तनका परिणमले बुढेसकाल र अशक्त स्थिति व्यक्तिका लागि बोझ हुन थालेको छ । माग्नेहरू हाम्रो यान्त्रिक मानसिकता र कागजी एवं बनावटी र सामाजिक दायित्वलाई उपहास गर्दछन् । मानवीय गरिमा घटाउने, विकृति मेटाउने तर्फ सरकार, स्वमसेवी संस्था र परोपकार भाव राख्ने ब्यक्तीहरूको गम्भिरताको खाचो छ भनी लेखिएको छ । हाम्रो बनावटी कागजी र सामाजिक दायित्वलाइ माग्नेहरूले उपहास गर्नु स्वभाविक नै हो किनभने समाजका सचेत बर्ग, सरकार, स्वयंसेवी संघसंस्थाहरूको तर्फबाट मागेर जीवनयापन गर्नेहरूप्रति गम्भिरतापुर्वक नसोचिएको उक्त समस्याबाट यसरी माग्नेहरूलाइ बिमुख गराइ सक्षमलाइ सिर्जनात्मक कार्यमा सरिक गराउनु पर्ने, बालबालिका मगन्तेहरूको उचित संरक्षण एवं शिक्षाको व्यवश्था गराउनु पर्ने, रोगी, अपाङ्गहरूलाइ उचित संरक्षण गरी राख्नु सरकारको कर्तब्य हुन आउँछ (अग्रहरि सिताराम, २०४६ : ६) ।

सरकारले पशुपतिमा एउटा बृद्धाश्रम संचालन गरिरहेको भए तापनि त्यसमा रहेको ब्यवस्थापन पक्ष उदासिन तथा दयनीय अवश्थामा रहेको छ । हाल बसोबास गर्ने १७८ जना बृद्धबृद्धाहरूको जीवन दयनीय अवश्थामा छ । श्रम तथा सामाजिक कल्याण मन्त्रालय अन्तर्गत रहेको पञ्चदेवल बृद्धाश्रम कुनै पनि बेला भत्किन सक्ने, बृद्धबृद्धाहरूलाई दिइने खाना औपचारिकता मात्र भएको र यो कल्याण गृह नभई समाजले तिरस्कार गरी वा अप्राप्त केही नभइ आश्रय नभएका वा सामन्तहरूले जीवनभर नोकर बनाई बृद्ध भएपछि त्यहाँ पुर्याइएका बृद्धबृद्धाहरूलाई मर्नका लागि प्रतिक्षा गर्ने प्रतिक्षालयको रूपमा रहेको छ ( शुसिला दाहाल, २०५१) ।

जहाँ दान, दक्षिणा, भोजन धर्मकर्म हुन्छ त्यहाँ केही पाए हुन्थ्यो भन्ने आशाहरू वा माग्नेहरू नहुने कुनै आधारहरू हुँदैनन् । जो कसैले पनि एक दुई रूपैया, फलफूल चामल, बस्तु केही नहुनेहरूलाई दान दिने वा दान दिएर आफूले ठूलो कार्य गरेको ठानिरहेको अवश्थामा त्यसबाट आश्रित हुनेहरूको संख्या दैनिक बढ्दै जाने हो भने त्यसले कस्तो रूप

लिन्छ जुन समय भक्तहरूको संख्या बृद्धि हुन्छ, मगन्तेहरूको संख्या पनि बृद्धि हुने र भक्तहरूको संख्या कम हुँदा मगन्तेहरूको संख्या कम भएको देखिन्छ (गोविन्द टण्डन, २०५५) ।

गरिबी, अशिक्षा र पछौटेपनले हामीलाई निर्बल बनाएको तथ्य लुकाएर लुक्न सक्दैन । राज्यको शासन व्यवश्था जन कल्याणकारी क्षेत्रमा लक्षित हुनुपर्छ भन्ने मान्यताका आधारमा सुसासन असल सरकारको पर्यायबाची बनेको छ । सरकारको प्रशाासनिक कार्यशैलीको जनमुखीकरण नै वास्तबमा असल सरकारको गुण हो । नेपालमा औद्योगिक, व्यापारिक, आर्थिक, सामाजिक सबै सरकारी संलग्नता महत्वपूर्ण रही आएको छ । जनताको जीवनस्तर उकास्न, विकाश प्रकृयाका समस्त क्षेत्रमा योगदान गर्न असल सरकारको अहम भुमिका हुने तथ्य मनन् गर्दै नवौं योजनामा सुशाासनलाई गरिबी निवारणको एक आधारको रूपमा स्वीकार गरिएको छ (गोरखापत्र, २०५५) ।

सडक बालकहरू मगन्ते कार्यमा संलग्न रहेको छन् । उनीहरू काठमाडौं उपत्यकाको विभिन्न ठाउँमा समुह वनाएर आपराधिक कार्यमा समेत सामिल भएको देखिन्छ । खास गरी वाल मगन्तेहरू वीस, पच्चीस जनाको समहु वनाएर विभिन्न आपराधिक कार्यमा संलग्न भएको अनुसन्धानले देखाएको छ (गोरखापत्र, २०६४) ।

# अध्याय : तीन
# अनुसन्धान बिधिहरू

कुनैपनि विषयमाथि गहन तथा बिश्लेषणात्मक अध्ययन नै अनुसन्धान बिधि हो । हरेक अनुसन्धानका लागि प्रकिया पद्धति र रचनाहरू हुन्छन् । अध्ययनलाई परिणाममुखी बनाउन र त्यसबाट अध्ययनको विषयवस्तु अनुसार परिणाम पत्ता लगाउन तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ। तथ्याङ्क विश्वासिलो र भरपर्दो हुनुपर्दछ। यो शोध अध्ययनमा निम्न तरिकाबाट तथ्यांक संकलन गरिएको छ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

काठमाडौंको गौशालामा अवश्थित भगवान श्री पशुपतिनाथको मन्दिर हिन्दु धर्मावलम्वीहरूको पवित्र, महान, मोक्ष प्रप्ति हुने धार्मिक तीर्थस्थलको रूपमा प्राचिन कालदेखि प्रसिद्ध छ । यस्तो तीर्थस्थलमा भक्तजनहरूको घुइँचो लाग्नु अस्वभाविक होइन । यो धार्मिक स्थल वरपर भीख मागि जीविकोपार्जन गर्ने मगन्तेहरूको संख्या अन्य तीर्थस्थलहरूमा भन्दा अधिक हुनुको साथै भगवान पशुपतिनाथको मन्दिर स्थल स्वधर्म प्रति निष्ठा, मानव मात्रमा बन्धुत्व जगाउने प्रेरणा भूमिको रूपमा रहेको छ । त्यसैले यस्तो तीर्थस्थलमा भिख माग्ने, आयआर्जनका लागि अन्य उपाय र स्रोत नभएका मगन्तेहरूको अध्ययनले बिशेष महत्त्वपूर्ण योगदान दिन सक्ने अपेक्षाले गर्दा यस क्षेत्रलाई अध्ययन क्षेत्र छनोटको मुख्य आधार बनाइएको हो ।

## ३.२ तथ्यांकका स्रोतहरू

यस शोधपत्रमा २ प्रकारका तथ्यांकका स्रोतहरू प्रयोग गरिएको छ । ती निम्न अनुसार छन् ।

### ३.२.१ प्राथमिक स्रोतहरू

प्राथमिक तथ्यांकहरू क्षेत्रगत अध्ययनबाट संकलन गरिएको छ ।

### ३.२.२ द्वितीय स्रोतहरू

द्वितीय तथ्यांकहरू चाहि बिभिन्न पुस्तकहरू, लेखहरू, आदिबाट संकलन गरिएको छ ।

## ३.३ नमुना छनोट बिधि

पशुपति क्षेत्रमा छरिएर रहेका मगन्तेहरूको निश्चित जनसंख्या प्राप्त गर्न कठिन देखिन्छ तर सबै मगन्तेहरूको प्रतिनिधित्व पनि आवश्यक हुने हुँदा यस क्षेत्रमा दैनिक रूपमा भिख माग्ने मगन्तेहरूलाई लक्षित गरी नमुना संकलन गरिएको छ । यस अध्ययनको लागि जम्मा ५० जना मगन्तेहरूलाई समेटिएको छ । उद्देश्यपूर्ण नमुना प्रक्रियाद्वारा अध्ययनको उद्देश्यप्रति केन्द्रित रही आवश्यक तथ्यांक संकलन गर्न १५ दिन समय लगाइएको छ । यस अध्ययन क्षेत्रका कुन कुन मगन्तेहरूसँग जानकारी लिने र को बाट नलिने भन्ने विषयमा पूर्व निर्धारित मगन्तेहरूको सूची नभएको र सम्भव नहुने भएकोले उद्देश्यपूर्ण नमुना प्रक्रिया अपनाई कार्य सम्पन्न गरिएको छ ।

## ३.४ तथ्यांक संकलनको पद्धति

निम्न तरिकाबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.४.१ अन्तरवार्ता अनुसूची

छनोटमा परेका मगन्तेहरूको बढी भन्दा बढी संख्यालाइ समेटेर मगन्तेहरूसंग अन्तर्वार्ता लिइएको छ । अन्तारवार्तामा सोधिएका प्रश्नहरू यसै शोधपत्रको पछाडी अनुसूची १ मा उल्लेख छ । अन्तरवार्ताको माध्यमबाट मगन्तेहरूको विभिन्न समस्याहरू बारे सूचना प्राप्त गर्न सहयोग पुगेको छ । उनीहरूको आर्थिक, सामाजिक अवस्था र दैनिक गुजारामा परेको समस्या, समाजबाट अपहेलित हुनु परेको अवस्थाको वारेमा जानकारी लिन अन्तरवार्ताको ठूलो भूमिका छ ।

### ३.४.२ अवलोकन

यस अध्ययनमा सहभागी अवलोकनबाट अध्ययन क्षेत्रमा रहेको समस्याको जानकारी लिइएको छ । यसबाट मगन्तेहरूबाट लुकाउन खोजिएका तथ्यहरू पनि बाहिर ल्याउन सहज

हुनेछ । मगन्तेहरूको दैनिकी, चालचलन, एक अर्का प्रतिको सम्बन्ध, खाने वस्ने तौर तरिका, भिख माग्न वस्दा अपनाउने तरिका आदिको अवलोकन गरिएको छ । अवलोकनको माध्यमबाट धेरै तथ्यांकहरू वटुल्न सहयोग भएको छ ।

### ३.४.३ बैयक्तिक अध्ययन

यस वैयक्तिक अध्ययन पद्धति प्रयोग गरेर अध्ययन स्थलमा रहेका मगन्तेहरू मध्येबाट छनौट गरी सीमित मगन्तेहरूको बैयक्तिक कथनलाइ प्रश्तुत गरिएको छ । जसबाट मगन्ते हुने कारण, तिनीहरूका समस्या आदिलाइ पत्ता लगाउन सकिन्छ । यसमा पाँच जना मगन्तेको वैयक्तिक कथनलाई प्रस्तुत गरिएको छ । विभिन्न उमेर समुहलाई समेट्ने प्रयास गरी छुट्टा छुट्टै उमेर समुहका मगन्तेलाई लिइएको छ । यसको माध्यमबाट मगन्तेहरूको समस्या र माग्नु पर्ने कारण पत्ता लागेको छ । मगन्तेहरूलाई अलग अलग भेटी उनीहरूको कथन प्रस्तुत गरेको छु ।

### ३.४.४ अध्ययनको सीमाहरू

यो शोध अध्ययन सीमित क्षेत्र र विषयमा केन्द्रित रहेको छ । यो अध्ययन काठमाडौंको गौशाला स्थित भगवान श्री पशुपतिनाथको मन्दिर परिसर वरिपरि रहेका मगन्तेहरूको जीवनयापनमा सीमित छ । मगन्तेहरूको विभिन्न समस्याहरू जस्तैः आर्थिक, सामाजिक, शैक्षिक, आदि कुरामा केन्द्रित रहनेछ र मगन्तेबाट समाजमा पर्ने असरको अध्ययनमा पनि केन्द्रित रहेको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ पशुपतिनाथ मन्दिरको सामान्य परिचय

काठमाडौं शहरबाट पूर्व बाग्मतीको किनार देवपत्तन परिसरमा पशुपतिनाथको मन्दिर अवस्थित छ । सम्पूर्ण हिन्दूहरूको श्रद्धाको केन्द्र र विदेशीहरूको लागि आकर्षक र कौतुहल विषय भएको यो मन्दिरमा सुनौलो छानामुनि दुई तला र चाँदीको चार ढोका भएको पञ्चमुखी शिवलिङ्ग रहेको छ । नेपालको यो विश्व प्रख्यात मन्दिरको निर्माण समय निश्चिताका साथ किटानी गर्न सकिएको छैन र पाँचौं शताब्दीतिर मात्र यस मन्दिरको अस्तित्वको पत्तो पाइन्छ । वि.सं. १८०७ मा मुसलमानहरूको आक्रमणबाट पशुपतिनाथको मन्दिर नष्ट भएपछि राजा अर्जुन मल्लले पुरानै ढाँचामा वि.सं. १४१७ मा मन्दिर जिर्णोद्धार गर्न लगाएका हुन् । पछि श्री ५ पृथ्वीनारायण शाहबाट धोबी खोलाको सेतो निर्माण नित्य पूजाको निम्ति पशुपतिको गुठी स्थापना गरेको प्रमाण पाइन्छ (गोविन्द टण्डन, सन् १९८७, पृ. १५) ।

वि.सं. १८३१ मा सरदार रामकृष्ण कुँवरले पशुपति र गुह्येश्वरी मन्दिर बीच दर्शन सिँढी बनाए र भीमसेन थापाले चाँदीको ढोका निर्माण गरे । वि.सं. १९३६ मा जङ्गबहादुर राणाका छोरा जगतजङ्ग राणाले मन्दिर अगाडि विशाल पित्तलको बसाह (नन्दी) स्थापना गरेका हुन् । चन्द्रशम्शेरले यस मन्दिरको छानाको मर्मत एवं सुनको जलप लगाउने कार्य गराएका थिए । राणाकालिन प्रधानमन्त्री रणोद्विपले कलकत्ताबाट सेतो टलकदार ढुङ्गा (Marbles) झिकाई भित्तामा जडाए । श्री ५ महेन्द्रको राज्यकाल वि.सं. १९८२ मा सबै भन्दा पछिल्लोपटक पशुपतिनाथ मन्दिरको जिर्णोद्धार गरियो (मेचीदेखी महाकालीसम्म, २०३१, पृ. ७३९) ।

पशुपति क्षेत्र विकास कोष ऐन २०४४ ले दिएका अधिकार प्रयोग गरी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषदले बनाउको पशुपति क्षेत्रको मापदण्ड २०५१ अनुसार पशुपतिनाथ मन्दिर क्षेत्र भनेर पूर्वमा त्रिभुवन विमानस्थल, पश्चिम गौशाला चोकदेखि मित्रपार्कसम्मको चक्रपथ, उत्तरमा मित्रपाकर्ध गौरीघाट बाटो हुँदै बाग्मती नदीसम्म र

दक्षिणमा गौशालाचोकदेखि चक्रपथ हुँदै त्रिभुवन विमानस्थलको मोटर पार्कसममको क्षेत्रलाई पशुपति क्षेत्र घोषित गरिएको छ (पशुपति क्षेत्र विकास कोष, २०५१, पृ. १) ।

वि.सं. २०४३ साल पौष १ गते श्री ५ वीरेन्द्रबाट पशुपतिक्षेत्र विकास कोषको घोषणा गरी त्यसलाई कानूनी रूप दिन २०४३ साल फाल्गुण १३ गते पशुपति क्षेत्र विकास कोष अध्यादेश जारी गरियो । सो अध्यादेश अनुसार पशुपति क्षेत्र अन्तर्गत निम्न इलाकाहरू पर्ने कुरा उल्लेख गरिएको छ ।

**पूर्व :** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पुरानो धावन मार्गसम्म । मगन्ते

**पश्चिम :** पश्चिमतर्फ धोविखोलाको रातोपुल, कालोपुल, हाँडीगाउँबाट चावहिल गणेशस्थान जोड्ने बाटोमा पर्ने धोविखोलाको पुल हुँदै धुम्वाराही चक्रपथमा रहेको धोविखोलाको पुलसम्म ।

**उत्तर :** धुम्वाराही चक्रपथमा रहेको धोविखोलाको पुलबाट चक्रपथ, चावहिल चोक हुँदै भगवानस्थानबाट गौरीघाट जाने बाटो हुँदै गौरीघाट र गौरीघाटबाट बौद्ध जाने बाटो हुँदै गौरीघाटको उत्तरतर्फको सत्तल पछाडिबाट घाटको पछाडि हुँदै बाग्मतीसँगै गुह्येश्वरी घाटको उत्तरतर्फको बाग्मतीबाट कालीप्रसाद गणको उत्तर सिमाना हुँदै त्रिभुवन विमास्थलको पुरानो धावन मार्गसम्म (हाल थप भएको खण्ड बाहेक) ।

**दक्षिण :** त्रिभुवन विमास्थलको पुरानो धावनमार्गको कुनाबाट चक्रपथ र त्यहाँबाट कालीमाटीडोल, हरिजन टोल र बाग्मती भई राजराजेश्वरी निस्कने गोरेटो हुँदै चक्रपथदेखि गौशाला चोकदेखि धोविखोलाको रातोपुलसम्म (गोरखापत्र, २०४३, पृ. १) ।

नेपालका पुराना वंशावली साहित्यले पशुपतिनाथको प्रादुर्भाव र त्यस क्षेत्रमा शहरीकरण हुन लागेको कुराको विवरण दिएका छन् । गोपाल वंशावलीले आदिकालका लिच्छवि राजा सुषुप्त देवले पशुपतिनाथको मन्दिर बनाई सुन्दर शहर बनाउन लगाएको उल्लेख पाइन्छ (गोपाल वंशावली, पृ. ५७) ।

हाम्रो वंशावली साहित्यले चावहिल (चावेल) लाई पनि ऐतिहासिक नगरको रूपमा प्रस्तुत गरेको पाइन्छ । उक्त स्रोत अनुसार राजा वृषदेवले बौद्ध, चैत्य (धन्दो चैत) र मन्जु विहार स्थापना गरी तीन सय घरका शहर स्थापित गरेका हुन् (भाषा वंशावली, पृ. ५६) ।

शिलालेख प्रमाणहरूको अध्ययन गर्दा ई.स. ४७७ को रत्न संघ देउपाटनको शिलालेखमा जुन "वाग्मती पार प्रदेश" को उल्लेख छ, त्यसले पशुपति भेगकै वाग्मतीको पारीपट्टीको भेगलाई अर्थ्याएको मान्न सकिन्छ । प्रामाणिक सामाग्रीहरूबाट पशुपति क्षेत्रको पहिलो प्रामाणिक उल्लेख यस रूपमा हुन आएको देखिन्छ । वाग्मी नदीको पनि पहिलो प्रामाणिक उल्लेख यही देखिएको छ (लिच्छविकालीन अभिलेख, पृ. ५१) ।

ई.सं. ५३३ को भष्मेश्वरको अभिलेखमा सर्वप्रथम 'भगवान पशुपतिको क्षेत्र' स्पष्ट उल्लेख पाइन्छ । यस सन्दर्भबाट वाग्मतीको यो भेग अनेक धर्म र सम्प्रदायका लागि पवित्र भएपनि पशुपत क्षेत्रको रूपमा विशेष प्रसिद्धि भएको थाहा पाइन्छ । यही परम्परा यस पछिका कालमा पनि कायम भई हाल पशुपति भन्ने वित्तिकै सँगै रहेको एक विस्तृत क्षेत्रलाई बुझाउने गरेको पाइन्छ (ऐजन, पृ. १५५) ।

भाषा वंशावलीमा नरेन्द्रदेवका छोरा शिवदेव द्वितीयले देवपाटन भेगमा शहरको बन्दोबस्त गरेको यस्तो वर्णन गरेको पाइन्छ : यिन राजाले वाणेश्वरका दरवार छाडी देवपाटनमा नै तलाकोट (दरबार) गरी बनाय बस्या । देवपत्तनमा नौ तरहका टोल बनाई देश लक्षणक्रम साधना गरी नेपाल नाम गरी बसाया, नौ प्रकारसँग संयुक्त गरी गुलनाम गरी देश अघि सुवर्णपुरी महानगर कन्थ्या नगरका प्रजाहरूकन सुखी गराई ठूलो नगर बढाई बसाया (भाषा वंशावली, ८२-८३) ।

उपरोक्त पशुपतिनाथ मन्दिरको परिचय बाहेक यस क्षेत्रको सामाजिक पृष्ठभूमि, आर्थिक पुष्ठभूमि, धार्मिक पृष्ठभूमि र सांस्कृतिक पृष्ठभूमिको बारेमा क्रमशः तल उल्लेख गरिएको छ ।

### ४.१.१ सामाजिक पृष्ठभूमि

हालको पशुपति क्षेत्रले ओगटेको विस्तृत क्षेत्रभित्र विभिन्न इलाकामा प्राचीन कालदेखि जनताहरू बसोबास गर्दै आएको अनुमान गर्न सकिन्छ । तर यो कुराको प्रामाणिक

विवेचना गर्न सामाग्रीको अभाव देखिन्छ । इतिहासको धारासँगै यो क्षेत्रको सामाजिक स्थितिको विचार गर्ने हो भने उपत्यकामा सर्वप्रथम राज्य स्थापना गर्ने र पशुपतिनाथको पत्ता लगाउने वा स्थापना गर्ने गोपाल वंश र गोपाल जातिको पहिलो सम्झना गर्नुपर्ने हुन्छ । यही गोपाललाई निप र आभिर पनि भनेको पाइन्छ (ज्ञानमणि नेपाल, पृ. १७) ।

अभिर वंशी गुप्त र नेपालसँगै आएका मानिसहरूको घनिष्ठ सांस्कृतिक सम्बन्ध लिच्छविकालको घनिष्ठ सांस्कृतिक सम्बन्ध लिच्छवीकालका अभिलेखहरूबाट पनि थाहा पाइन्छ । गोपाल कालपछि सत्तामा आएको महिषपालको बारेमा केही भन्न नसकिएता पनि किराँत राजाहरूको सम्बन्ध यो पशुपति क्षेत्रसँग र तिनीहरूले नै यो क्षेत्रको प्रसिद्ध किराँतेश्वरको स्थापना गरेबाट पुष्ट  हुन्छ । भाषा वंशावलीमा उल्लेख गरिएको निम्न कुराले पनि यसको पुष्टि हुन्छ । भाषा वंशावलीका अनुसार :

> *'श्रीमहादेव किराँतरूप धारण गरी श्लेषमान्तक वन विशे किराँतहरूले विहार गर्दा भयाका हुनाले ईश्वरका प्रभावले गरी किराँती राजाहरूले महाप्रतापवान् भई नेपाल मण्डलको अधिपती भई बहुत सामार्थ्यवान् भई राज्य भोग गऱ्याका हुन् । किराँतकालका पालासम्म श्रीपशुपतिनाथ किराँतरूपमा विराजमान भई वन विहार गरिरहँदा भयाका थियो (भाषा वंशावली) ।'*

अभिलेख प्रमाणहरूको आधारमा यो क्षेत्रको सामाजिक स्थिति बनाउन खोज्दा पनि स्पष्ट कुरा व्यक्त गर्न गाह्रो छ । किनभने लिच्छविकालका जति शिलालेख यहाँ पाइएका छन् तिनमा धार्मिक कार्य गर्ने भक्तजन, भारदार र राजाहरूका नाम त थाहा पाइन्छ तर तिनलाई स्पष्ट रूपमा यही ठाउँका बासिन्दा भनिएको पाइदैन । मरु, मठ र विहारहरूको उल्लेख भने भएको पाइन्छ । जसमा भिक्षु, सन्यासी आफ्नो धर्म थामेर बसेको पाइन्छ । पशुपतिनाथसँग सम्बद्ध कारोबारहरू सम्बन्धी अभिलेखहरू कमै प्काशित भएका छन् । तर ई.सं. १६५७ को देउपाटन गणेशको अभिलेखमा पशुपति "भाँडेर" (भण्डारी, सुवुरी, मारो) को उल्लेख गरेको पाइन्छ । उनीहरूलाई उक्त अभिलेखमा देउपाटनको बासिन्दा भनिएको छ (जगदिश रेग्मी, पृ. ३७) ।

यो पशुपति क्षेत्र धार्मिक दृष्टिकोणले ज्यादै पवित्र मानिदै आएकोले पशुपतिनाथ र अन्य देवी देउता पनि रहेकोले यस परिसरमा भोगी, सन्यासी, भिक्षुहरू पनि निकै

प्राचीनकालदेखि अखडा, मठ, मण्डली, विहार बनाई बस्दै आएका छन् । यद्यपि यो कुराका प्राचीन प्रमाण थोरै मात्रामा मात्र उपलब्ध भएका छन् ।

यति चर्चा गर्नुको तात्पर्य यो पशुपति क्षेत्रको सामाजिक स्थितिमा ऐतिहासिक कालदेखि मगन्तेजोगी सन्यासीहरूको सङ्ख्या अधिक रहको देखिन्छ । यस्ता मगन्तेतथा जोगीहरूलाई कुनै समाजको एक अभिन्न अङ्ग भन्न गाह्रो छ किनभने एक त तिनको जीवन पद्धति नै भिन्न हुन्छ र उनीहरूमध्ये धेरै त फिरन्ता पनि हुन्छन् । तर तिनको यही फिरन्ता रूपले पनि धार्मिकता र सांस्कृतिकता तत्त्वको आवागमनमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ ।

मध्यकालभन्दा पहिलेदेखि गहन वस्तीका विभिन्न केन्द्र विकसित हुँदै आई मल्लकालसम्म ‘महानगर’का रूपमा लिइसकेको देउपाटन विभिन्न जात जातिका मानिसहरूको बसोबास भई आएको क्षेत्रको रूपमा रहेको देखिन्छ । यस शोधपत्रमै उल्लेख भएका समग्र विवरणले पनि यसको आन्तरिक सामाजिक स्थिति एवं वाह्य क्षेत्रका बासिन्दाहरूको आकर्षणको महत्त्वपूर्ण केन्द्र रहेको पुष्टी हुन्छ । अन्तिम मल्लकालसम्म यो क्षेत्र विशेषतः नेवारी भाषाभाषी जनताहरूको बसोबासको रूपमा रहेको हो तर मध्यकालतिरदेखि नेपाली भाषाभाषी जनताहरूको पनि यहाँ ठाउँ ठाउँमा बस्ती बस्न थाली हाल यिनको सङ्ख्यात्मक अभिबृद्धि भएको देखिन्छ ।

## ४.१.२ आर्थिक पृष्ठभूमि

पशुपति क्षेत्र भनेर जुन एक विस्तृत भूभाग आज परिभाषित भएको छ त्यसभित्र ऐतिहासिक कालहरूमा बनिआएका शैयौं मठ, विहार, चैत्यपाटी र धर्मशाला तथा शैयौं प्राचीन मूर्तिहरू रहेका छन्, यो क्षेत्र अर्थात् देवपाटन काठमाडौं उपत्यकाको एउटा समृद्धशाली प्राचिनतम् धार्मिक स्कूल हो । लिच्छविकालदेखि नै शास्वत रूप यो क्षेत्र श्रद्धालु भक्तजनहरूको अद्बितीय केन्द्रको रूपमा विकसित हुँदै आएको कुरा यहाँ पाइने शिलालेख, मूर्ति, वास्तुकला आदिबाट स्पष्ट हुन्छ । यतिमात्र नभई यो पशुपति क्षेत्र नेपाली जातिको आध्यात्मिक चेतना एवं तृष्णाको परिपूर्ति गर्ने एवं धर्मप्राण नेपाली विश्वास अनुरूप मोक्ष प्राप्तिका लागि अलौकिक अवसर प्रदान गर्ने क्षेत्र पनि हो । यसैले परापूर्वकालदेखि नै राजा

र प्रजा दुवैको साझा भक्ति, श्रद्धा र आराधनाको अद्वितीय थलोको रूपमा समृद्ध हुँदै आएको देखिन्छ ।

काठमाडौं उपत्यकाभित्र दुई वा तीन ठाउँमा ठूलाठूला गाडधन रहेका अनुश्रुति पाइन्छ, जुनमध्ये एउटा पशुपति मन्दिर नजिकै थियो भन्ने अनुमान गरिएको छ । अन्तिम मल्लकालमा आएका पादरी विशेषले काठमाडौंबाट एक कोष जति पूर्वतिर पवित्र नदीको किनारामा रहेको प्रसिद्ध देव मन्दिरको भित्र गाडी राखेको धन जयप्रकाश मल्लले झिक्न लगाएको तर त्यहाँ रहेका सबै धन झिक्न नपाउँदै पृथ्वीनारायण शाहले सो ठाउँमा कब्जा गरी जयप्रकाश मल्लले खन्न लगाएका खाडलको वरिपरि छरिएका धन त्यही खाडलमा पुर्नु लगाएका थिए भन्ने चर्चा गरेका छन् (श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृ. ८३०) ।

अभिलेख र वंशावलीको सन्दर्भबाट पशुपति क्षेत्रभित्र देवी, देवता थापी गुठीहरू राखेको महत्त्वपूर्ण सन्दर्भहरूको सूची यहाँ पाइन्छ, जसले यो क्षेत्रको देवीदेवता, मठ मन्दिर र पाटीहरूको आर्थिक आधार एवं अन्य गतिविधिकहरूको परिचय दिन्छन् ।

(क) ई. ४७७ मा मानदेव प्रथमको पालामा रत्नसंघ भन्ने व्यक्तिले आफूले थापेको रत्नेश्वर महादेवलाई विभिन्न इलाकामा गरी जम्मा १५६० भूमि वा रोपनी जग्गामा गुठी राखिदिएको कुरा सोही शिवलिङ्गमा लेखिएको अभिलेखमा व्यक्त गरिएको छ । सो शिवलिङ्ग पशुपति कैलाशको पश्चिमतर्फ रहेको छ (लिच्छविकालका अभिलेख, पृ. ५४) ।

(ख) चावहिल (चाबेल) धन्दो चैत्यमा रहेको मानदेवकालीन मानिने अभिलेखमा एक जना महिलाले चैत्यको जिर्णोद्धार गरी चैत्यहरू र जातका चित्र सजाई ४५ मानिका (मुरी) धान कुल आउने खेत गुठी राखेको संघ र भगवान बुद्धको पूजा गर्न भनेर अट्ठाइस मानिका (मुरी) धान कूत आउने खेत गुठी राखिदिएको विवरण उल्लेख छ (ऐजन, पृ. १-२) ।

(ग) ई. ५४० को पशुपति नजिकैको शिवलिङ्ग अभिलेखमा आभीरी गोमिनीले आफ्ना दिवङ्गत पतिको सम्झनामा थापेको अनुपेश्वर महादेवको पूजाआजा

र टूटफूट भएमा मर्मत गर्न भनेर दुई खण्ड खेत दान गरेको उल्लेख गरिएको छ (ऐजन, १७०) ।

(घ) ई. ६५९ को ललितपुर गैऱ्हीधाराको अभिलेखबाट महाप्रतिहार चन्द्र बर्माले पशुपतिमा बाग्मती पारी मृगस्थली भेगमा भगवान बज्रेश्वरीको मण्डलीका शैवपाशुपत धार्मिक संघहरूलाई जग्गा दान गरेको उल्लेख छ, यद्यपि त्यसको स्पष्ट किटान त्यहाँ भएको छैन, त्यस जग्गाको आयस्थाबाट ती धार्मिक संघ आफू ज्ञानयोग, कर्मयोगमा लागि शील र आचारमा बसी देवताहरूको पूजाआजा गर्ने, भोज भण्डार लगाउने कुरा पनि त्यसमा लेखिएको छ (ऐजन, पृ. ४८२) ।

(ङ) ई. ६७९ मितिका ललितपुर यागबहाल र पशुपति बज्रघरको एकै नासको अभिलेखमा नरेन्द्रदेवले आफूले पशुपतिमा बनाएको हिटी धाराको नाममा दुईटा गाउँनै गुठी राखिदिए । ती गाउँ शिवदेव प्रथमले बनाएको शिवदेव विहार (बौद्ध चैत्य) को आर्यभिक्षु संघलाई विशिष्ट अधिकारसाथ दिएको बयान गरिएको छ (ऐजन, पृ. ४९९-५००) ।

(च) राजा यक्षमल्ल र जीवमल्ल दुई भाईले आफ्नो आमा राजमाता संसारदेवीको मृत्यु भएकोले उनको स्वर्ग प्राप्तिको लागि उनको सुनको मूर्ति पशुपति मन्दिरभित्र थापेर त्यो मूर्ति (गौरी रूप) मा नित्य भोजन अर्पण गर्न र बेला बेलामा अन्य धार्मिक कार्यहरू गर्नका लागि केही जग्गा गुठी राखेको बयान पशुपतिमै रहेको ई. १४४१ को ताम्रपत्रमा लेखिएको छ । गुठी जग्गाबाट नगद र जिन्सी आम्क्दानीको उल्लेख पनि त्यस ताम्रपत्रमा गरिएको छ ( कान्तिपुर शिलालेख सूची, पृ. ४५-४६) ।

(छ) पशुपति पश्चिम ढोकानेर रहेको धर्मशालामा रहेको ई. १८४० को अभिलेखमा इन्द्रचोक किलागल टोलका बासिन्दा सुब्बा फूलानन्द झा परिवारले पशुपतिको प्रीति गरी चाँदीका तीन ढोका बनाएको र सदावर्त दानको लागि धर्मशाला र अरु पूजाआजाको बन्दोबस्त गरी ७८८ रोपनी जग्गा र मधेसमा पनि चार गाउँ गुठी राखिदिएको विवरण लेखिएको छ ।

सो अभिलेखमा सदावर्ती ब्राह्मण भोजन र पीठ पूजा आदिको विस्तृत विवरण पनि लेखिएको छ (संस्कृत सन्देश, पृ. १७-२५) ।

(ज) श्री रणबहादुर शाहले दुई पल्ट गरी एक हजार रोपनी जग्गा साँढेलाई चर्न भनी गौचर गुठी राखिदिएका थिए । पछि त्यस क्षेत्रमा हालको विमानस्थल बनेकोले त्यस ठाउँको भाडाको रूपमा केही रकमको आम्दानी पशुपति मन्दिरलाई हुने गर्छ (महेश चन्द्र रेग्मी, १९५५, पृ. ६४४) ।

माथि पशुपति क्षेत्र भित्रका धार्मिक वस्तु वा अन्य सम्बन्धी आर्थिक व्यवस्था बारे दाताहरूले गरेको बन्दोबस्त सम्बन्धी मोटामोटी विवरण प्रस्तुत गरिएको छ । उपरोक्त सूचीले सबै स्रोतहरूको निर्धारण र प्रमाणिकता प्रस्तुत गर्न नसके पनि मूलभूत रूपमा दान वा गुठीमा जम्मा हुने आम्दानीका उद्देश्यहरूलाई निम्नलिखित आधारमा वर्गीकरण गर्न सकिन्छ ।

1= देवी देवताको पूजा र कर्मकाण्ड (विशेष र सामान्य)

2= जात्राहरू

3= पुजारी र देवताका सेवकहरूको पारिश्रमिक

4= गुठीपाटहरूको पारिश्रमिक र भोज

5= मन्दिर, मठ, घाट, बाटोहरूको मर्मत सम्भार

6= यात्रुहरूलाई भोजन

7= नित्य गरीब गुरुवा र अन्य समेतलाई अन्नदान (सदावर्त) र पर्वमा वर्ग विशेषलाई भोजन

8= पशुपंक्षीलाई अन्न र घाँसको दान

9= घाटमा जाडोमा नुहाउनेहरूलाई आगो ताप्ने बन्दोबस्त इत्यादी

हाल पशुपतिनाथमा चढाइने भेटीको अधिकांश भाग पुजारी, भट्ट र भँडारेहरूले बाँडेर लिने गरेको र थोरै मात्र पशुपतिनाथको ढुकुटी दाखिला गर्ने गरेको पाइन्छ ( गोरखापत्र, २०४३ र २०६५) ।

### ४.१.३ धार्मिक पृष्ठभूमि

पशुपति क्षेत्रको समग्र धार्मिक स्थितिको मूल्याङ्कन गर्दा यहाँ निम्न धार्मिक परमपराले आ–आफ्नो स्वरूप निर्माणमा सक्रियता देखाएको थाहा हुन्छ :

क) शैव पाशुपत

ख) शाक्त

ग) वैष्णव

घ) हरिहर

ङ) बौद्ध

च) नाथ

छ) अन्य :– सूर्यपूजा, ब्रह्मपूजा, भीमसेन पूजा र गणेश पूजा

(क) शैव पाशुपत : गोपाल वंशावलीको भनाई मान्ने हो भने कलियुग लगोको केही समयपछि नै पशुपतिनाथको पादुभार्व अथवा प्राकट्य भएको थियो । किनभने त्यहाँ लेखिएको छ : "क्रमशः कलियुग लागेपछि ... नेप कहलाएका गोपालकी बहुही नाम भएकी कैली गाई दिनका दिन बाग्मती तीरमा गई खोलामा पूजाको लागि दुधको धारा बगाउने गर्न लागी । ती गाईले सेचन गर्न लागेको त्यो ठाउँ गोपालले देखे, खनेर हेर्दा श्री पशुपति भट्टारकको प्रादुर्भाव भयो" (गोपाल वंशावली, पृ. ७३) ।

यो भनाइबाट पशुपतिनाथको उत्पत्ति आजभन्दा करीव ५ हजार वर्ष पहिले भएको बुझिए पनि भाषा वंशावली र नेपाली पुराणहरूमा भने पशुपतिको उत्पत्ति सृष्टिकै प्रारम्भमा भएको र पछि उपत्यकामा पानी जमेर तलाउ भएपछि डुबेको र त्यो पानी बगाएपछि पशुपति फेरी प्रकट भएका हुन् भनेको पाइन्छ ।

गोपाल वंशावलीमा शुरूका सूर्यवंशी राजा सुसुप्तदेवले पशुपतिको देवल बनाए र त्यसमा छाना हाले भनिएको पाइन्छ र त्यसैकालका भाष्करदेवले पशुपतिलाई धेरै धन चढाएको, सुषुप्त वर्माले पशुपतिको राम्रो मन्दिर बनाए, बृषदेवले पशुपतिमा त्रिशुल चढाए र धर्मदेवले पशुपतिमै ठूलो बृषध्वज चढाए भनी टिपिएको पाइन्छ । अंशुवर्माले पशुपति नाम तामाका टक चलाउने चलन शुरू गरेर पशुपतिनाथलाई जनताको घनिष्ठ सम्पर्कमा ल्याए । आफ्नो राजकीय चिन्ह वा झण्डाको चिन्ह शिवबहान नन्दी राखे ।

आफ्नो दरबार पनि शिवको वास्थान कैलासको नाम नामाकरण गरे । यसै समयदेखि पशुपतिलाई सबै राजाहरूले आफ्ना मालिक मान्न थालेको देखिन्छ (प्राचीन नेपाली मूर्तिकलाको इतिहास, पृ. ५३-५४) ।

(ख) शाक्त : हिन्दूहरूको धार्मिक परम्परा शक्तिको आराधना पनि अविभाज्य अङ्ग भएकोले यत्रो पाशुपत क्षेत्रमा परम्परा पनि कायम रही आएको हुनु स्वाभाविक छ । खास गरी शिव र शक्ति एउटै रूप हो भिन्न होइन भन्ने परम्परा पनि रहेकोले पशुपतको लिङ्गमै पनि शक्तिको स्थान मानिन्छ तर यो पशुपति क्षेत्रमा भिन्न रूपमा पनि शक्ति पीठ वा मन्दिर पनि महत्वपूर्ण रूपमा पुजिँदै आएको छ ।

यस क्षेत्रमा गुह्येश्वरी, बत्साल, राज राजेश्वरी, जय–बागेश्वरी र वनकाली जस्ता शक्ति पीठहरू अवस्थित छन् । यीमध्ये अनेकको ऐतिहासिक सन्दर्भ यसै सोधपत्रको अन्यत्र परेका छन् । यो क्षेत्रमा शक्ति देवीका अनेक प्राचीन मूर्ति भेटिनाले यहाँ शाक्त परम्पराको प्राचीनता स्पष्ट हुन सकेको देखिन्छ । जयबागेश्वरी मन्दिर नेर रहेका दुई जीर्ण मूर्तिलाई कौमारी र माहसी मानेर तिनलाई तेस्रो शताब्दीतिरको हो भन्ने लैनसिंह वाङ्देलको विचार रहेको छ । यो क्षेत्रको मात्र होइन नेपालमा सर्वोपरि स्थान पाएको गुह्येश्वरीको पीठको प्रामणिकता बारे यकीन भने गर्न सकिंदैन । यहाँ केही मल्लकालदेखि प्रमाण पाइए पनि यिनको मान्यताको प्राचिनता पशुपतिनाथ जतिकै पुरानो हो । किनभने गोपाल वंशावलीमा उल्लेख गरिएको भृङ्गारेश्वरीको नवीनतम रूपमा नै गुह्येशवरी हो ।

(ग) वैष्णव : पशुपति आर्यघाटमा ई.वि. को दोस्रो शताब्दीतिरको मानिएको एक शेष शाही विष्णुको मूर्ति फलक पाइएकोले पशुपति क्षेत्र बागमतीको यो भेग वैष्णवहरूको लागि पनि पवित्र स्थल बनेको मान्न सकिन्छ । यही क्रममा भुवनेश्वरी मन्दिरमा रहेको पाँचौं शताब्दीतिरको विष्णु मूर्तिको पनि महत्त्व छ । पशुपति क्षेत्र वैष्णवहरूका लागि पनि महत्वपूर्ण रही आएको कुरा तिलगङ्गामा रहेको मानदेव प्रथमको अभिलेखयुक्त (विष्णु विक्रान्त) मूर्तिले पनि राम्ररी प्रमाणित गर्दछ (लैनसिंह वाङ्देल, २०३९, पृ. ११६-११८) ।

(घ) हरिहर : ई. ५६७ मा तत्कालिन राजनीतिक सर्वेसर्वा भौम गुप्तको प्रोत्साहनमा स्वामी वार्त नामका भारदारले पशुपति नजिकै हरिहरको मूर्ति थापेर हरि र हरको बीच अभेद छ भन्ने कुरा स्पष्ट रूपले व्यक्त गरिएको

छ । त्यो हरिहर मूर्ति थापिएको अवसरमा लेखाएको अभिलेखमा यो अभेद सम्बन्धि धारणाको राम्रो व्याख्या पनि गरिएको छ । हरि हरमा कुनै भेद छैन एउटै हुन वा हरि र हर दुईले मिलेर एक संयुक्त रूप लिएपछि धर्म र भक्त को रक्षा हुन्छ भन्ने धारणाको प्रचार गर्नको लागि भौम गुप्तले वैष्णव धर्मका अनुयायी स्वामी वार्तलाई प्रोत्सहान गरेको देखिन्छ । यो क्षेत्रमा हरिहरका अन्य मूर्ति पनि पाइन्छ (भाषा वंशावली, पृ. १९८-१९९) ।

(ङ) बौद्ध : हाल सिमाङ्कित पशुपति क्षेत्र भित्र चावहिल भेग बौद्ध धर्मको दृष्टिले पनि महत्वपूर्ण रही आएको छ । हाल पशुपति क्षेत्र भनेर अङ्कित गरिएको क्षेत्रभित्र चावहिलको प्रसिद्ध बौद्ध चैत्य पनि पर्न आउँछ । भाषा वंशावलीमा यसको स्थापना मानदेवका वराजु वृषदेवले गरेको भनिएको पाइन्छ । पशुपति मन्दिरकै वरिपरि बौद्ध मूर्तिहरू पाइनाले यो क्षेत्र बौद्धहरूको पनि पवित्र स्थल मानिएको बुझ्न सकिन्छ । बासुकी थाननेर धर्मचक्र र मृग तथा दुईतिर त्रिशुल लिएका शिव गण भएको लिच्छविकालिन मूर्तिपलक र राजेश्वरी घाटको बुद्ध मूर्तिपनि यहाँ स्मरणीय छ (ऐजन, पृ. ५६) ।

(च) नाथ : नाथ पन्थको प्रवेश नेपालमा कहिले भयो र मृगस्थलीमा सो सम्प्रदायको मठको स्थापना भएको भन्ने बारे यकिन प्रमाणिकता छैन मत्स्यन्द्रनाथको नेपाल आगमनको समय ई. ११३१ मानिएको बेलातिर नाथ सम्प्रदायको प्रवेश भएको मान्न सकिन्छ । ई. १३९४ तिर राजा स्थिति मल्लले मृगस्थलीमा गोरखनाथ जगाएर कानपट्टाको मत पनि खडा गरेको ( मठ बनाएको) सन्दर्भ पाइनाले चौधौं शताब्दीतिर देखि यो सम्प्रदाय पशुपति क्षेत्रमा स्थापित मान्न सकिन्छ (तुलसीराम वैद्य, पृ. २६) ।

(छ) सूर्य पुजा : मगृस्थलीमा पाइएको किराँती राजा यलम्बरको सालिक मानिने मूर्तिलाई विभिन्न विद्वान्हरूले विभिन्न रूपमा चर्चा गरेका छन् । तर हाल यस मूर्तिलाई लैन सिंह वाङ्देलले इ. चौधौं शताब्दकिो रचना मानेर सूर्य मूर्ति भनेर ठम्याएका छन् । यसैगरी आर्यघाटमा रहेको विरूपाक्षकी आमा भनिने मूर्तिलाई पनि वाङ्देलले सूर्य मूर्तिनै भनेर यसलाई ई. चौथो शताब्दीको रचना मानेका छन् । पशुपति मन्दिरको आँगनमा पनि प्राचीन र मध्यकालिन अनेक सूर्य मूर्ति रही आएकोले यो पशुपति क्षेत्र सूर्य पूजक वा सौर हरूको लागि पनि पवित्र क्षेत्र हो भन्ने बुझ्न सकिन्छ (प्राचिन नेपाली मूर्तिकलाको इतिहास, पृ. ८२-८३) ।

(ज) ब्रम्हा : पशुपति क्षेत्रको दुई ठाउँमा ब्रम्हाका प्राचिन मूर्ति पाइनाले यहाँ ब्रम्हाको स्थान पनि रहेको थाहा पाइन्छ ।

(झ) भीमसेन : शिवदेव द्वितीय राजाको पालामा दोलखाबाट भिमसेन आव्हान गरेर पशुपति नाथका पश्चिम भागमा स्थापना गरेको उल्लेख भाषा वंशावलीमा पाइन्छ । उपत्यका भित्र भीमसेनका महत्त्वपूर्ण मूर्ति मध्ये पशुपतिनाथ पश्चिम भागमा रहेको मूर्तिलाई महत्त्वपूर्ण मानिन्छ ।

### ४.१.४ सांस्कृतिक पृष्ठभूमि

माथि चार खण्डहरूमा जे जति विवरण र तथ्य प्रस्तुत गरिएका छन् तिनीहरूको समष्टीगत निष्कर्ष नै पशुपतिनाथ क्षेत्रको सांस्कृतिक महत्व र उपलब्धि हो । खास गरी पशुपति नाथकै वरिपरी मनाइने जात्रा यहाँका वस्तु र मूर्तिकलाको विवरणले यो क्षेत्रको सांस्कृतिक स्वरूपको समग्र महत्व प्रस्तुत गर्दछ । ब्रम्हाको दुई मूर्ति यहाँ पाइनु, अन्यत्र, अज्ञान यमराजका दुई मूर्ति यही क्षेत्रमा पाइनु र रामको मूर्ति पनि यही पाइनाले यस क्षेत्रको सांस्कृतिक विविधतालाई स्पष्ट पार्दछ । यो क्षेत्रमा पाइने जात्राहरू र उत्सवहरूको पनि आफ्नै विशेषता छ । बस्तलाजात्रा, त्रिशुलजात्रा, गंगामाई जात्रा, खड्ग जात्रा, रोपाई जात्रा, शिव पार्वती नृत्य जात्रा, गुह्येश्वरी जात्रा, भीमसेन जात्रा, शिवरात्री, वाला चतुर्दशी चावहिलको गणेश जात्रा आदि जात्रा तथा उत्सवहरूले पशुपतिनाथ क्षेत्रको सांस्कृतिक गरिमालाई एक उच्च र विशिष्ट गरिमा प्रदान गरेको छ ।

## ४.२ पशुपतिनाथ क्षेत्र र मगन्तेहरूको स्थिति

काठमाडौं शहरदेखि पूर्व वाग्मतीको किनारामा विभिन्न शैलीका मठ, मन्दिर, स्तुप, विहार तथा साधनाश्रमहरूद्वारा वेष्टित रहेको पशुपतिक्षेत्र धार्मिक दृष्टिकोणले अत्यन्त पवित्र स्थल मानिन्छ भने र ऐतिहासिक दृष्टिकोणले यो क्षेत्र नेपालको उल्लेख्य सांस्कृतिक सम्पदायुक्त स्थल मानिन्छ । कहीं मैदान, कहीं साना डाँडाहरू र कही वनजंगल जस्ता प्राकृतिक विविधताले गर्दा पशुपति क्षेत्रको शोभा बढाउन मद्दत पुऱ्याएको छ ।

पशुपति क्षेत्रको पश्चिम पट्टिको भाग केही गहिराइमा छ भने पूर्वी भाग केही उचाइमा छ । बीचको भागसम्म परेको मैदान, पश्चिम पट्टिबाट हेर्दा डाँडामा अवस्थित जस्तो देखिन्छ । त्यसको पूर्वीभाग पशुपतिको मध्य भाग भन्दा झण्डै २०० फिटको

उचाइमा छ । सो भाग मृगस्थली वा श्लेष्मान्तक वनको नाममा प्रसिद्ध छ । पशुपतिको उत्तरमा कैलाशम नामक डाँडा छ । यो स्थलको आफ्नै महत्व छ । खासगरी सत्‌बीज छर्न आउनेहरू जाग्राम बस्ने तथा लाख वत्ती वाल्ने काम सोही कैलाश नामक डाँडामा गर्छन्‌ । लिच्छविकालीन शैलीका केही शिवलिंगहरू कैलाश डाँडामा भएको तथ्यलाई दृष्टिगत गर्दा लिच्छवी कालमा पनि सो ठाउँ उल्लेखनीय रूपमा रहेको थियो भन्ने बुझिन्छ । साथै यहाँका मन्दिरमा प्रयोग हुने कलशयुक्त स्तम्भ तथा ईटाको गारोयुक्त, भग्नावशेष पनि देख्न पाइने हुनाले सम्भवतः लिच्छविकालव वा त्यो भन्दा पछि यहाँ केही मन्दिरहरू निर्माण भएको अनुमान गर्न सकिन्छ ।

पशुपति क्षेत्रको पूर्वस्थित मृगस्थली वा श्लेषमान्तक बनको आफ्नै धार्मिक विशिष्टता रहेको आफ्नै धार्मिक विशिष्टता रहेको छ । नेपालमा अत्यन्त प्रशिद्ध भएर रहेका हिमवत्खण्ड नेपाल महात्मय, पशुपति पुराण आदि ग्रन्थहरूमा मृगस्थली वा श्लेषमान्तक जंगलको महत्त्व र वैष्ट्यिताको वारेमा प्रशस्त प्रकाश पारेको पाइन्छ । शिव र पार्वती मृग र मृगिणीको रूपमा श्लेषमान्तक जंगलमा विहार गरेर केही काल वसेको हुनाले त्यो जंगल मृगस्थली नामबाट प्रसिद्ध रहेको हो भन्ने कुरा नेपाल महात्म्यमा वताइएको छ ।

नेपाल एउटा विशिष्ट धार्मिक मुलुक भएकोले यहाँका मानिसहरूको प्राचिनकाल देखि नै धर्ममा बढि विश्वास राखेको पाइन्छ, । दीन दुःखीहरूलाई सीधा दिने, धारा, पाटी, धर्मशाला, बनाउने गुठी राख्ने चलन प्रचिनकालदेखि नै शुरु भएको हो । धर्मप्रति श्रद्धा भएको उदारमना व्यक्तिहरूले मठ, मन्दिर, स्तथूप, साधनास्थल एवं पाटी पौवा, धर्मशाला, सत्तल, दुङ्गेधारा, टुटेधाराहरूको स्थापना गरिदिनाले पशुपति क्षेत्रले पवित्र तीर्थस्थलको रूपमा विकसित हुने मौका पायो । पशुपतिलाई भक्तिपूर्वक एकपटक मात्र पनि जसले दर्शन गर्दछ त्यो पशुपाशबाट मुक्त हुन्छ । शुद्ध अशुद्ध जस्तो भएपनि शङ्करको दर्शन गऱ्यो भने जन्म जन्मान्तरमा शरीर, मन वचन र कर्मले गरेको पाप नाश हुन्छ भन्दै भक्तिले सबै किसिमका ब्रत, उपवास र हजारौं अश्वमेध गरेर पाइने पुण्य पशुपतको दर्शनले पाउन सकिन्छ भन्ने धारणा हिमबत्यखण्डमा पाइन्छ ।

यस्तो पवित्र स्थलमा भौतारिएका मगन्तेहरूको खोजीमा मन्दिरको वरिपरि मुख्तया मन्दिरको दक्षिण पश्चिम भागमा अधिक सङ्ख्यामा भिख मागेर बसेको देख्न सकिन्छ ।

यिनीहरूको खाने बस्ने कुनै व्यवस्था भएको यहाँ देखिदैंन, यिनीहरू यस क्षेत्रका खुल्ला पाटी सत्तलहरूमा बसेर दिन बिताउँछन् र दर्शनार्थीहरूले दिएका भिक्षाबाट नै आफ्नो गुजारा चलाउँछन् । यहाँका चाड पर्वहरू यिनीहरूिको लागि सुखका दिनहरूका रूपमा लिन सकिन्छ किनभने यस्ता चाडपर्वहरूबाट यिनीहरूको आम्दानी धेरै राम्रो हुनुको साथसाथै पेटभरिको भोजन पनि गर्न पाउँछन् ।

यहाँका मानिसहरू शुरूदेखि नै धर्ममा आस्था राख्ने हुनाले दीन, दुःखीलाई सीधादिने, धारापाटी सत्त र धर्मशालाहरू बनाइदिने गरेको पाइन्छ । यस्ता असहाय असक्त, रोगी व्यक्तिहरूको हेरचाहको लागि गुठी राखिदिने चलन किराँतकालदेखि नै चल्दै आएता पनि यसको उचित सम्भार, मर्मत प्रयोग आदि हालका दशकहरूमा भएको पाइँदैन । पशुपतिस्थित बृद्धाश्रम पञ्चदेवल पाकशाखाका नामले दीन दुःखी र आश्रयहीन व्यक्तिहरूलाई खान र बस्नको लागि स्थापना भएको भएता पनि यो पञ्चदेवल पाकशाखा जुन उद्देश्यले स्थापना भएको थियो त्यसको उद्देश्य अनुरूप काम गर्न नसकेको देखिन्छ । यस केन्द्रलाई व्यवस्थित र सङ्गठित बनाउने उद्देश्य अनुरूप तत्कालिन श्री ५ को सरकारद्वारा २०३२ साल फाल्गुण १ गते बाग्मती अञ्चलाधीसको अध्यक्षतामा एक समाज कल्याण केन्द्र सञ्चालन समितिको गठन गरियो र यसको मुख्य उद्देश्य अनाथ बुढाबुढीहरूलाई आश्रय दिनु थियो । यस प्रकार पञ्चदेवल पाकशालाको नामले सञ्चालन भएको केन्द्र ३०३२ सालमा बृद्धाश्रममा परिणत भयो । यसले अनाथ बुढाबुढीहरूलाइ मात्र गाउँ विकास समिति वा वडा अध्यक्षको सिफारिशको आधारमा आश्रममा भर्ना गरेको देखिन्छ । अरू सिफारिस नभएका बाल, युवा, अशक्तहरूको जिम्मा आश्रमले नलिने भएकोले अन्य मगन्तेहरूको अवस्था करुणामय र आश्रयबिहिन देखिन्छ । यस्ता करुणामय लाचार मगन्तेहरू सडकका विभिन्न पेटीहरू, सत्तल पाटीहरू सडकका विभिन्न पेटीहरू, सत्तल पाटीहरूमा बसी आफ्ना दिन बिताइरहेको वास्तविक सामाजिक, आर्थिक अवस्थाको अध्ययन स्थलगत निरीक्षणबाट गरिएको छ ।

# अध्याय पाँच
# मगन्तेहरूको अवस्था

## ५.१ सामाजिक अवस्था

देवपत्तनस्थित श्री पशुपतिनाथको मन्दिर वरिपरि बस्ने मगन्तेहरूको बारेमा अध्ययन गर्नको लागि उनीहरूको सामाजिक अवस्थाबारे जानकारी हासिल गर्नु, अत्यावश्यक ठानिएको छ । कुनै पनि व्यक्तिको अभिन्न अङ्गको रूपमा उसको सामाजिक पृष्ठभूमि गाँसिएको हुन्छ र सामाजिक पृष्ठभूमिले उसको जीवनमा महत्वपूर्ण भूमिका निभाएको हुन्छ, त्यसकारण यस्तो पवित्र तिर्थस्थल वरिपरि बस्ने मगन्तेहरूको के–कस्ता सामाजिक पृष्ठभूमि रहेछ र कस्तो सामाजिक अवस्था भएका मानिसहरू यस पवित्र तिर्थस्थलमा जीवन गुजारा गरिहेछन् भन्ने बारे जानकारी लिने उद्देश्य अनुरूप सामाजिक पक्षको अध्ययन गरिएको हो ।

### (क) मगन्तेहरूको जातिय बनावट

देवपत्तनस्थित श्री पशुपतिनाथको मन्दिर वरिपरि बस्ने मगन्तेहरूको जातिय बनावट निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. ५.१**

**मगन्तेहरूको जाति बनावट**

| क्र.सं. | जात | महिला | पुरूष | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | क्षेत्री | ३ | ८ | ११ | २२% |
| 2= | ब्राह्मण | १ | ३ | ४ | ८% |
| 3= | तामाङ | १ | २ | ३ | ६% |
| 4= | राइ र लिम्बु | – | ३ | ३ | ६% |
| 5= | नेवार | – | २ | २ | ४% |
| 6= | मगर | १ | – | १ | २% |
| 7= | अन्य | ६ | २० | २६ | ५२% |
| | **जम्मा** | **१२** | **३८** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण – २०७० ।

यसरी यस क्षेत्रको जातिय बनावट हेर्दा अरू जातिको तुलनामा अन्य जाति अग्रिम स्थानमा रहेको पाइयो । अन्य जातिभित्र जात नखुलेका, कामी, दमाई, भोटे, सार्की आदि पर्दछन् ।

यस प्रकार अन्य जाति बढी मात्रामा देखिनुको पछाडि अनेक कारण छन् । जो विभिन्न भागबाट माग्न आएका छन् । उनीहरूको आफ्नो जातसँग कुनै सरोकार नभएकोले आफ्नो जात वा पहिचान नबताएको देखिन्छ । दोस्रो र तेस्रो स्थानमा क्रमशः रहेका जातिहरूको माग्ने मुख्य कारण भनेको गरिबी नै देखिन्छ । जसको कारणले उनीहरू आफ्नो घरबार छोडेर माग्न बाध्य भए ।

**(ख) मगन्तेहरूको लैङ्गिक बनावट**

श्री पशुपतिनाथको मन्दिर वरिपरि बस्ने मगन्तेहरू के कति छन् ? तिनीहरूको उमेर तथा लिङ्ग (स्त्री–पुरूष) को सङ्ख्याको आवश्यक अध्ययन भए अनुरूप निम्नलिखित तालिकाबाट स्पष्ट तथ्याङ्क प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ५.२**

**मगन्तेहरूको लैङ्गिक बनावट**

| क.सं. | उमेर | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | ५–९ | १ | – | १ | २% |
| 2= | १०–१४ | ४ | – | ४ | ८% |
| 3= | १५–१९ | ३ | – | ३ | ६% |
| 4= | २०–२४ | १ | १ | २ | ४% |
| 5= | २५–२९ | १ | १ | २ | ४% |
| 6= | ३०–३४ | १ | – | १ | २% |
| 7= | ३५–३९ | ४ | ५ | ९ | १८% |
| 8= | ४०–४४ | १ | २ | ३ | ६% |
| 9= | ४५–४९ | ९ | २ | ११ | २२% |

| | | | | | |
|---|---|---|---|---|---|
| 10= | ५०–५४ | २ | – | २ | ४% |
| 11= | ५५–५९ | ३ | १ | ४ | ८% |
| 12= | ६०–६४ | ३ | – | ३ | ६% |
| 13= | ६५–६९ | ४ | – | ४ | ८% |
| 14= | ७०–७४ | – | – | – | – |
| 15= | ७५–७९ | – | – | – | – |
| 16= | ८०–८४ | १ | – | १ | २% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

सामाजिक समस्याका कारण ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रमा बसाई सराई गरी शहरी क्षेत्रको व्यापकता एवं सुविधाबाट प्रलोभित भएर यसतफ आकर्षित हुनसक्ने कुरालाई पुष्टि गर्दै काठमाडौं पशुपति क्षेत्र वरपर माग्न बसेका माग्नेको अध्ययनबाट थाहा पाइयो । ५० जना मगन्तेहरूबाट सर्वेक्षण गरिएकोमा ३८ जना पुरूष मगन्तेर १२ जना महिला मगन्तेहरू थिए । शारीरिक अवस्था र असुरक्षित भावनाको कारण महिलाको सङ्ख्या कम भएको प्रारम्भिक अनुसन्धानबाट थाहा हुन्छ ।

**(ग) मगन्तेहरूको शैक्षिक स्थिति**

श्री पशुपतिनाथ मन्दिर वरिपरि बसोबास गर्ने मगन्तेहरूको शैक्षिक स्थितिलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. ५.३**

**मगन्तेहरूको शैक्षिक स्थिति विवरण**

| क.सं. | मगन्तेहरूको शैक्षिक स्थिति | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | निरक्षर | १८ | १० | २८ | ५६% |
| 2= | साक्षर | २० | २ | २२ | ४४% |
| 3= | **जम्मा** | **३९** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

श्री पशुपतिनाथको मन्दिर वरिपरि भिख माग्ने पेशामा लागेका मगन्तेहरू गरिब परिवारका निर्धन व्यक्ति भएका हुनाले प्रायः जसो पुरूषको तुलनामा महिला बढी निरक्षर देखिन्छन् । पुरूषहरू हाइस्कूलसम्म पढेकाले बढी साक्षर देखिन्छन् । महिलाहरू बढी निरक्षर हुनाको पछाडि महिलाहरूलाई घरधन्दामा र परिवारको हेरचाहमा नै सिमित राख्नु प्रमुख कारण हो । यसको अतिरिक्त निर्धनताको कारणले गर्दा उनीहरू शिक्षा पाउने अधिकारबाट बञ्चित हुनु स्वभाविक कारण हुन सक्छ । अधिकांश मगन्तेहरू पहाडी भू–भागमा बसोबास गर्ने र गरिबीको कारण आफ्नो जिविकोपार्जनको लागि खेती तथा ज्यालादारीमै व्यस्त रहने र पढाइमा लाग्ने मौका नै नपाउनाको कारण शिक्षा आर्जन गर्नबाट बञ्चित रहेको अनुसन्धानबाट थाहा पाइन्छ ।

**(घ) मगन्तेहरूको जन्मस्थान**

श्री पशुपतिनाथ मन्दिर वरिपरि मागी हिंड्ने मगन्तेहरू कुन ठाउँका हुन् ? उनीहरूको जन्मस्थान कहाँ हो ? कतिटाढाबाट आएका हुन् ? भन्ने बारे अध्ययन गर्नु आवश्यक देखिएकाले उनीहरूको जन्मस्थान सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.४**

**मगन्तेहरूको जन्मस्थानको विवरण**

| क.स. | जन्म स्थान | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | धनुषा | ६ | १ | ७ | १४% |
| 2= | काठमाडौं | ५ | १ | ६ | १२% |
| 3= | काभ्रेपलाञ्चोक | २ | २ | ४ | ८% |
| 4= | झापा | २ | २ | ४ | ८% |
| 5= | मकवानपुर | २ | १ | ३ | ६% |
| 6= | सुनसरी | १ | १ | २ | ४% |
| 7= | रौतहट | २ | – | २ | ४% |
| 8= | सप्तरी | २ | – | २ | ४% |
| 9= | भक्तपुर | – | १ | १ | २% |
| 10= | रामेछाप | १ | – | १ | २% |
| 11= | बर्दिया | – | १ | १ | २% |
| 12= | मोरङ्ग | १ | – | १ | २% |
| 13= | सिन्धुपाल्चोक | १ | – | १ | २% |
| 14= | सर्लाही | १ | – | १ | २% |
| 15= | उदयपुर | १ | – | १ | २% |
| 16= | सिन्धुली | – | १ | – | २% |
| 17= | सिराहा | १ | – | १ | २% |
| 18= | खोटाङ्ग | – | १ | १ | २% |
| 19= | धनकुटा | १ | – | १ | २% |
| 20= | इलाम | १ | – | १ | २% |
| 21= | अन्य देश | ८ | – | ८ | १६% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेको जन्मस्थानको सम्बन्धमा जानकारी लिनको लागि यो तथ्याङ्कको आवश्यकता छ । जसबाट के कारणले उक्त ठाउँबाट मगन्तेहरू पशुपति क्षेत्रमा आइ वसे भन्ने कुराको जानकारी पाइएको छ । यस तालिका अनुसार धनुषा जिल्ला जमस्थान हुनेहरूको सङ्ख्या वढी रहेको छ । जसको कारण उक्त जिल्लामा पवित्र जानकरी मन्दिर रहेको र उक्त मन्दिरमा भिख मागी जीविका चलाउदै आएका मगन्तेले पशुपति नाथ मन्दिर परिशरमा अझ बढी मात्रामा भेटी पाउने उद्देश्यका कारण आएको देखिन्छ । अर्को कारण उक्त क्षेत्रमा निम्न वर्ग र निम्न जातका मानिस र अपाङ्गताको कारण पनि देखा परेको छ । अरु जिल्ला जस्तै सर्लाही, उदयपुरका मगन्तेको संख्या कम हुनुमा उक्त क्षेत्रमा केही न केही काम पाउने जस्तै : कृषि, भारी बोक्ने आदि कारण रहेको पाइयो । पहाडी क्षेत्र खोटाङ, धनकुटा, इलाम आदि जिल्लाका मगन्ते कम हुनुको कारण चाँहि उक्त क्षेत्रकै तराइ जिल्लाका वजारहरुमै भिख माग्ने गरेको देखियो ।

### (ङ) मगन्तेहरूको पारिवारिक बनौट

श्री पशुपतिनाथ वरिपरि भिख माग्ने पेशामा लागेका मगन्तेहरूको पारिवारिक बनौटको अध्ययन आवश्यक देखिएकोले सो सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिमा नं. ५.५**

**मगन्तेहरूको पारिवारिक बनौट**

| क.सं. | परिवार | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | दाजुभाई/दिदीबहिनी हुने | ८ | २ | १० | २०% |
| 2= | केही नहुने | ६ | ३ | ९ | १८% |
| 3= | बुबा/आमा नहुने | ६ | २ | ८ | १६% |
| 4= | बुबा/आमा हुने | ६ | १ | ७ | १४% |
| 5= | बुबा मात्र हुने | ५ | १ | ६ | १२% |
| 6= | आमा मात्र हुने | ४ | १ | ५ | १०% |
| 7= | सौता/सौतेनी आमा हुने | ३ | २ | ५ | १०% |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेपेशा सामाजिक विकृतिमूलक पेशा हो । जसले केवल स्वस्थ्य सामाजिक वातावरणमा विकारहरू पैदा गर्दछ साथै यो पेशामा संलग्न मगन्तेहरू सामाजिक मान्यता, मूल्य र नियन्त्रणको परिधिभन्दा बाहिर हुन्छन् र समाजले पनि आफ्नै परिधिमा संलग्न गराउन त्यति आवश्यक ठानेको हुँदैन । यसरी मगन्तेभएर हिंड्नु बस्ने पर्ने विभिन्न कारणहरू पनि छन् जुन कारणले कुनै पुरूष वा महिलालाई मगन्तेबनाउन समेत केही हदसम्म सहयोग गरेको देखिन्छ । जस्तो कि बुबा आमा नहुने, सौता भएर, आमा बाबुको झगडाका कारण, छोरा छोरी नावालक हुनु, विपन्न आर्थिक अवस्था, समुचित स्याहार सम्भार गर्न नसक्नु, दीर्घ रोगी, अशक्त, अपाङ्ग भएर अपहेलित एवं उपेक्षित हुनु, गाउँबाट शहरमा आउनेको प्रतिशतमा बृद्धि हुनु आदि कारणहरूलाई औंल्याउन सकिन्छ । यस अध्ययन अनुसार सवैभन्दा वढी मात्रामा दाजुभाई अथवा दिदी बहिनी मात्र हुने मगन्तेहरू देखियो । आमाबाबु कोही नभएपछि एक अर्काको सहाराको माध्यम बन्दै भिख मागेर जीविकोपार्जन गरेको देखियो । कम संख्या चाहि सौता अथवा सौतेनी आमा हुने मगन्ते देखियो । यसको कारण अपहेलना र मानसिक तनाव नै रहेको पाइयो ।

### (च) मगन्तेहरूको भाषा

श्री पशुपतिनाथ मन्दिर वरिपरि भिख मागेर जिविकोपार्जन गर्ने मगन्तेहरू विभिन्न स्थानबाट आएको हुनाले यिनीहरूले बोल्ने भाषामा पनि विभिन्नता पाइन्छ । हाम्रो देशको मातृभाषा नेपाली भए पनि अन्य भाषा बोल्ने मगन्तेहरू समेत पाइएका छन् । मगन्तेले बोल्ने भाषा सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.६**

**मगन्तेहरूको भाषा सम्बन्धी विवरण**

| क.सं. | भाषा | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | नेपाली | २३ | १२ | ३५ | ७०% |
| 2= | हिन्दी, मैथिली र भोजपुरी | १४ | – | १४ | २८% |

| | | | | |
|---|---|---|---|---|
| 3= अन्य | १ | – | १ | २% |
| **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

भाषा मानिसको सन्देश, अभिव्यक्ति र सूचना प्रवाह गर्ने माध्यम हो । मगन्तेहरूले माग्न बस्दा वा उनीहरूले बोलिरहने भाषाको सम्बन्धमा प्राप्त तथ्याङ्कबाट नेपाली भाषा बोल्ने मगन्तेहरूको प्रतिशत सत्तरी (७०%) रहेको छ । मित्रराष्ट्र भूटानबाट माग्न आएकाहरू समेत प्रष्ट नेपाली बोल्ने भएको हुँदा र हाम्रो देवनागरी भाषा पनि नेपाली नै चलन चल्ती भएकोले नेपाली भाषा बोल्नेहरूको सङ्ख्या अधिक देखिन आएको छ ।

त्यसैगरी हिन्दी, मैथिली, भोजपुरी भाषाहरू हाम्रै देशका तराई जिल्लाहरूमा बोलिने र चलनचल्ती समेत रहेको हुँदा र मित्रराष्ट्र भारतबाट आउने मगन्तेहरू समेत त्यही भाषा बोल्ने हुँदा ती भाषा बोल्ने अट्ठाइस प्रतिशत (२८%) एवं अन्य जातीय भाषा बोल्नेहरू दुई प्रतिशत (२%) देखिएका छन् ।

**(छ) मगन्तेहरूको धार्मिक स्थिति**

श्री पशुपतिनाथ मन्दिर वरिपरि माग्ने पेशा अपनाएका मगन्तेहरूको धार्मिक स्थिति सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.७**

**मगन्तेको धार्मिक स्थिति सम्बन्धी विवरण**

| क्र.सं. | धर्म | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | हिन्दू | ३० | ९ | ३९ | ७८% |
| 2= | बौद्ध | ४ | ३ | ७ | १४% |
| 3= | अन्य | ४ | – | ४ | ८% |
| **जम्मा** | | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको धार्मिक बनावटका सम्बन्धमा अध्ययन गर्दा सबैभन्दा अधिक हिन्दू धर्म मान्ने मगन्तेहेरू अठहत्तर प्रतिशत (७८%), बौद्ध धर्म मान्ने मगन्तेहरू चौध प्रतिशत (१४%) र अन्य धर्म मान्नेहरू आठ प्रतिशत (८%) रहेको देखिन आएको छ । अन्य धर्म भन्नाले इसाई, क्रिस्चियन आदिलाई भनिएको छ । पशुपतिनाथ मन्दिर सम्पूर्ण हिन्दूहरूको आराध्यदेव भएका कारण यस क्षेत्रमा हिन्दू धर्मावलम्वीहरूको आवागमन एवं तीर्थाटन गर्न आउनु र अन्य धार्मिक स्थलको तुलामा पशुपति क्षेत्र स्थल एवं विदेशीहरूका लागि आकर्षक एवं उत्सुकताको कारण बढी दर्शनार्थीहरू आउनु र दान दक्षिण गरी मोक्ष प्राप्ति गर्ने मनसाय अनुरूप यहाँ आउने श्रद्धालु भक्तजन एवं विदेशीहरूबाट प्राप्त हुने अन्न, नगद पैसाको कारण यहाँ आकर्षित भई सबै धर्मावलम्बीहरूलाई माग्न भेदभाव पारिंदैन । यस कारण हिन्दू धर्म मान्नेहरूको प्रतिशत बढी हुनु स्वभाविक मान्न सकिन्छ ।

### (ज) मगन्तेहरूको वैवाहिक स्थिति

श्री पशुपतिनाथको मन्दिर वरिपरि बस्ने मगन्तेहरूमध्ये के कति मात्रामा विवाहित अविवाहित, विधुर र विधुवा छन् भनी अध्ययन गर्दा प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.८**

**मगन्तेहरूको वैवाहिक स्थितिको विवरण**

| क्र.सं. | वैवाहिक स्थिति | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | विवाहित | १३ | ५ | १८ | ३६% |
| 2= | अविवाहित | १२ | – | १२ | २४% |
| 3= | विधुर/विधुवा | ७ | ३ | १० | २०% |
| 4= | अलग बसेको | ६ | ४ | १० | २०% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको माग्न आउनु अघिको पारिवारिक सम्बन्ध कस्तो रहेछ भन्ने आवश्यकता महसुस गरी तथ्याङ्क सङ्कलन गर्दा माथि तालिका नं. ४.८ बमोजिम विवाहित

अवस्थाका मगन्तेहरू छत्तीस प्रतिशत (३६%), अविवाहित अवस्थाका मगन्तेहरू चौबीस प्रतिशत (२४%), विधुर/विधुवा अवस्थाका मगन्तेहरू बीस प्रतिशत (२०%) र विभिन्न कारणबाट सम्बन्ध परित्याग गरेका वा गरिएका मगन्तेहरू बीस प्रतिशत (२०%) देखिन आएको उल्लेखित आँकडाबाट प्रष्ट हुन पुगेको छ ।

**(झ) मगन्तेहरूको बसोबास स्थिति**

श्री पशुपतिनाथ वरिपरि मागेर जिविकोपार्जन गर्ने मगन्तेहरूको हालको बसोबासको स्थिति बारे अध्ययन गर्दा प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.९**

**मगन्तेहरूको हालको बसोबासको स्थितिबारे विवरण**

| क्र.सं. | बसोबास गर्ने स्थान | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | पाटी पौवामा बस्ने | २४ | ८ | ३२ | ६४% |
| 2= | छाप्रामा बस्ने | ४ | १ | ५ | १०% |
| 3= | पेटीमा बस्ने | ४ | १ | ५ | १०% |
| 4= | आफ्नो साथीको घरमा बस्ने | ३ | १ | ४ | ८% |
| 5= | डेरामा बस्ने | ३ | १ | ४ | ८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत :– स्थलगत सर्वेक्षण २०७० ।

घर परिवार छोडेर राम्रो लाउने मिठो खाने अभिलाषा बोकेर आएका मगन्तेहरूको हाल बसोबास गरिरहेकै स्थलमा समेत पुगी उनीहरूको बसोबासको स्थिति अध्ययन गर्दा पशुपति क्षेत्र वरिपरि रहेको विभिन्न पाटी पौवामा हाल बसिरहेका मगन्तेहरू एउटा प्लाष्टिकको बोराभित्र ओड्ने, ओछ्याउने लुगाफाटा भाँडाकुँडा राखेर भुइँमा कार्टुनका गत्ता राखेर बसेका पाइए । यसरी बस्नेहरूको प्रतिशत चौसट्ठी (६४%) देखिएको छ । धोविखोला

पुल छेउछाउ र अन्य क्षेत्र वरपर छाप्रा बनाई छाप्रामा बस्ने मगन्तेहरू दश प्रतिशत (१०%), पशुपति मन्दिर क्षेत्र वरपर रात दिन पेटीमै बिताउने वर्षायाममा प्लाष्टिक ओढी रात दिन कटाउनेहरू प्रायः आफ्ना लुगा कपडा चोरिएको गुनासो गर्ने र केही पालो मिलाएर रूङ्ने र माग्न हिंड्ने गरेको अनुसन्धानबाट थाहा हुन्छ ।

यसरी माग्न बस्ने मगन्तेकेही माग बस्दा समेत कानमा सानो पकेट रेडियो बोकी सुनिरहेका भेटिन्छ । पेटीमा बसी गुजारा गर्ने मगन्तेहरू दश प्रतिशत (१०%) भएको माथिको तालिकाले प्रष्ट पारेको छ । आफ्नो वा साथी भाईको घरमा वा डेरामा एकै पेशा गरी बसेका मगन्तेहरू आठ प्रतिशत (८%) देखिएका छन् । त्यसैगरी आफू बेग्लै कोठा लिएर वा १/२ जना साथी मिली कोठा बहालमा लिएर बस्ने मगन्तेहरू अन्यका तुलनामा फरक रहेको देखिएको छ । यसरी बस्नेहरू आठ प्रतिशत (८%) रहेको अध्ययनले देखाएको छ ।

**(ञ) मगन्तेहरूको बसोवास शैली**

श्री पशुपतिनाथ मन्दिर वरिपरि मागेर बस्ने मगन्तेहरूको बस्ने शैली सम्बन्धी अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१०**

**मगन्तेहरूको बसोवास शैलीको विवरण**

| क्र.सं. | बस्ने शैली | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | एक्लै | १७ | ६ | २३ | ४५% |
| 2= | परिवार | १० | ३ | १३ | २६% |
| 3= | साथीभाईसँग | ८ | ३ | ११ | २२% |
| 4= | बाबु/आमासँग | २ | – | २ | ४% |
| 5= | बाबुसँग | १ | – | १ | २% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत :– स्थलगत सर्वेक्षण २०७० ।

तालिका नं. ५.१० अनुसार जसरी मगन्तेहरूको हालको वसोवासको स्थितिको सन्दर्भमा चर्चा गरियो त्यसै गरी यहाँ मगन्तेहरूको हालको बस्ने शैलीको सन्दर्भमा देखिएको यथार्थता सम्बन्धि विवरण प्रस्तुत गरिएको छ । मगन्तेहरू कोसँग कसरी बसेका छन् भनी जानकारी प्राप्त गर्दा सबैभन्दा अधिक एक्लै बस्न मन पराउनेको प्रतिशत छयालिस (४६%) देखिएको छ । परिवारै लिएर बस्नेको प्रतिशत छब्वीस (२६%) रहेको छ । साथी भाइसँग बसोवास गर्ने मगन्तेहरू बाइस प्रतिशत (२२%), बाबु आमा सँगै वसोवास गर्ने मगन्तेहरू चार प्रतिशत (४%) रहेको र बाबुसँग मात्र वसोवास गर्ने मगन्तेहरू दुइ प्रतिशत (२%) भएको अध्ययनको देखाएको छ । यसको कारण वस्ने ठाउँको अभाव र समस्या नै देखियो ।

## ५.२ आर्थिक अवस्था

मगन्तेहरूको उत्पत्तिको स्रोत उनीहरूकै आर्थिक स्थितिलाई मान्न सकिन्छ । त्यसकारण मगन्तेहरूको वास्तविकता जान्नको लागि उनीहरूको आर्थिक अवस्थाको अध्ययन ज्यादै नै महत्त्वपूर्ण भएकोले यहाँ मगन्तेहरूको आर्थिक अवस्थाका विभिन्न दृष्टिकोणहरूको अध्ययन गरिएको छ ।

### (क) मगन्तेहरूको माग्न आउनु अघिको आर्थिक स्रोत

श्री पशुपतिनाथ क्षेत्र वरपर मागेर जिविकोपार्जन गर्ने मगन्तेहरूको माग्न आउनु अघिको खान लाउने आर्थिक स्रोतबारे गरिएको अध्ययनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.११**

**मगन्तेहरूको माग्न आउनु अघिको आर्थिक स्रोत**

| क.सं. | बस्ने शैली | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | खेती | १३ | ७ | २० | ४०% |
| 2= | श्रमिक | १६ | ४ | २० | ४०% |
| 3= | माग्ने | ५ | - | ५ | १०% |
| 4= | व्यापार | ३ | १ | ४ | ८% |

| | | | | | |
|---|---|---|---|---|---|
| 5= | नोकरी | १ | - | १ | २% |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको माग्नु पूर्वको अवस्थाको बारेमा अनुसन्धान गर्दा आफ्नो खेती वा अन्यको स्रोत सञ्चालन गरी कमाइ गर्नेहरूको संस्था चालिस प्रतिशत (४०%) श्रमिक वा शारिरीक श्रम गरी प्राप्त सेवा दस्तुरबाट गुजारा गर्ने चालिस प्रतिशत (४०%), मागेर नै गुजारा चलाउने दश प्रतिशत (१०%), घरायसी व्यापार (बाख्रा, खरी, सुँगुर, कुखुरा, हाँस, फूल तरकारी, दुध, घ्यू) गरी परिवार धान्नेको सङ्ख्या आठ प्रतिशत (८%) नोकरीबाट पारिवारिक भरण पोषण गर्ने दुई प्रतिशत (२%) रहेको माथिको तालिकाको पुष्टि गरेको छ । यिनीहरू मगन्ते हुनुमा विशेष गरी दुर्घटनाको शिकार र रोगको कारणले तिरस्कृत भएको देखिन्छ ।

**(ख) मगन्तेहरूको माग्न आउनु अघिको पारिवारिक खाने/लगाउने आर्थिक स्थिति**

श्री पशुपतिनाथ मन्दिर वरिपरि माग्न बसेका मगन्तेहरूको माग्न आउनु अघिको खाने लगाउने स्थितिको सम्बन्धमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१२**

**मगन्तेहरूको माग्न आउनु अघिको आर्थिक स्थिति**

| क्र.सं. | स्थिति | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | खान लागउन पुग्दैनथ्यो | २० | ३ | २३ | ४६% |
| 2= | खान लगाउन पुग्थ्यो | ७ | ५ | १२ | २४% |
| 3= | जसो तसो चल्थ्यो | ११ | ४ | १५ | ३०% |
| | जम्मा | ३८ | १२ | ५० | १००% |

स्रोत :– स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको माग्नआउनु अघिको खाने लगाउने स्थितिको सम्बन्धमा अनुसन्धानबाट प्राप्त तथ्याङ्कको आधारमा माथि तालिमा नं. ५.१२ अनुसार खान लगाउन नपुग्ने अवस्था भएका परिवार छयालिस प्रतिशत (४६%) जसो तसो अर्थात् कुनै प्कारबाट गुजारा गर्ने

अवस्था भएका परिवार तीस प्रतिशत (३०%) र खान लगाउन पुग्ने अवस्था भएका परिवार चौबीस प्रतिशत (२४%) भएको तथ्याङ्क भएको माथिको तथ्याङ्कबाट प्रष्ट पारेको छ ।

### (ग) मगन्तेहरूको माग्न आउनु अघिको जग्गा जमिन विवरण

श्री पशुपतिनाथ मन्दिर वरिपरि माग्ने पेशा अपनाएका मगन्तेहरूको माग्न आउनु अघिको जग्गा जमिनको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१३**

**मगन्तेहरूको मागन आउनु अघिको जग्गाको किसिमको विवरण**

| क्र.सं. | विवरण | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | बारीमात्र हुने | १२ | ६ | १८ | ३६% |
| 2= | खेतबारी केही नहुने | १४ | १ | १५ | ३०% |
| 3= | खेतबारी दुवै हुने | ८ | ४ | १२ | २४% |
| 4= | खेतबारी दुवै हुने | ४ | १ | ५ | १०% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको जग्गा जमिनको किसिमको सन्दर्भमा जानकारी सङ्कलन गर्दा प्राप्त तथ्याङ्कको आधारमा बारीमात्र हुने मगन्तेहरू छत्तीस प्रतिशत (३६%) खेतवारी केही नहुने मगन्तेहरू तीस प्रतिशत (३०%) खेत मात्रै हुने मगन्तेहरू चौबीस प्रतिशत (२४%) र खेतवारी दुवै नहुने मगन्तेहरू दश प्रतिशत (१०%) रहेको माथिको तालिकाले उल्लेख गरेको छ । यसरी थोरै जग्गा जमिनबाट आवश्यकता पुरा नभएकोले भिख माग्नु परेको देखियो ।

**(घ) मगन्तेहरूको दैनिक आम्दानी**

श्री पशुपतिाथ मन्दिर वरिपरि बसोबास गरी माग्ने पेशा अपनाएका मगन्तेहरूको दैनिक आम्दानी सम्बन्धी प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१४**

**मगन्तेहरूको दैनिक आम्दानी सम्बन्धी विवरण**

| क.सं. | दैनिक आम्दानी (रू.) | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | ५–१० | २ | १ | ३ | ६% |
| 2= | १०–२० | ६ | १ | ७ | १४% |
| 3= | २०–३० | ९ | ३ | १२ | २४% |
| 4= | ३०–४० | १० | ३ | १३ | २६% |
| 5= | ४०–५० | ५ | २ | ७ | १४% |
| 6= | ५० भन्दा माथि | ६ | २ | ८ | १६% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत :– स्थलगत सर्वेक्षण २०७० ।

तालिका नं. ४.१४ को तथ्याङ्कबाट मगन्तेहरूले दैनिक कति कमाउँदा रहेछन् भनी जान्ने जिज्ञासालाई खुलस्त पार्ने कोशिस गरिएको छ । मगन्तेहरूले दैनिक आम्दानी गर्ने पैसालाई कमाई भनेर भन्ने गरेको पाइयो र यसरी दैनिक आम्दानी वा कमाई गर्ने मगन्तेले दैनिक रू. ५।– (पाँच) र रू. ५०।– (पचास) भन्दामाथि ७०, ८०, १००, २००।– रूपैयाँसम्म आम्दानी गर्ने गरेको अनुसन्धानका क्रममा पत्ता लागेको छ ।

**(ङ) मगन्तेहरूले कमाई गर्ने चाड पर्व**

श्री पशुपतिनाथ मन्दिर वरिपरि बसोवास गरी मगन्तेपेशा अपनाइरहेका मगन्तेहरूले मुख्य मुख्य चाडपर्वमा बढी मात्रामा आम्दानी गर्ने भएकाले सो सम्बन्धी प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१५**

**मगन्तेहरूको दैनिक आम्दानी सम्बन्धी विवरण**

| क.सं. | चाडपर्व | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | महाशिवरात्री | १६ | ७ | २३ | ४६% |
| 2= | तिज | ७ | २ | ९ | १८% |
| 3= | साउने सोमवार | ६ | २ | ८ | १६% |
| 4= | वालाचर्तुदशी | ५ | १ | ६ | १२% |
| 5= | एकादशी र पूर्णिमा | ४ | – | ४ | ८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत :– स्थलगत सर्वेक्षण २०७० ।

पशुपतिनाथको मन्दिर सम्पूर्ण हिन्दूहरूको आस्था एवं श्रद्धाको केन्द्रविन्दू भएकोले दर्शन मात्रले पनि मोक्ष्य प्राप्त हुने हाम्रो समाजको धारणा अनुसार यहाँ पूजाआजा र चाडपर्वका समयमा अन्य दिनभन्दा अधिक भीड हुन्छ । अहिले धर्मकर्म, पूजा आजा, दान दक्षिणा दिएर परलोकमा सुख हुन्छ भनने अवधारणा अनुरूप चाडपर्वका बखत यहाँ असङ्ख्या नरनारी पूजा अर्चना गर्न आउँछन् । पहिले गरेको पापको प्रायश्चित गर्ने एवं दान दक्षिणा गरी परलोक सुखमय बनाउने जनविश्वासका कारण चाडपर्वमा यहाँ अन्य दिनको तुलनामा अधिक दान दक्षिण गरेको देखिन आउँछ । यसरी मगन्तेहरूको दैनिक आम्दानीको सम्बन्धमा अध्ययन गरी सकेकोले कुन चाडपर्वमा बढी आम्दानी गर्दा रहेछन् भनी जान्न खोज्दा प्राप्त जानकारी अनुसार महाशिवरात्रीमा बढी आम्दानी हुन्छ भनी बताउने मगन्तेछयालीस प्रतिशत (४६%) रहेको र महिलाहरूको प्रमुख चाड तीजमा बढी आम्दानी हुन्छ भनी बताउने मगन्तेहरू अठार प्रतिशत (१८%) रहेको देखिन आउँछ ।

साउनको सोमवार पशुपतिनाथ मन्दिरमा जल चढाउँदा मनोकामना पूर्ण हुने जनविश्वास रहेकोले साउने सोमवार पशुपतिनाथ मन्दिरमा दर्शनार्थी असंख्य हुने गरेका र यस दिन बढी आम्दानी हुन्छ भनी बताउने मगन्तेहरू सोह्र प्रतिशत (१६%), मरेका पिता पूर्खाको सम्भनामा सतविज छर्ने दिन वालाचर्तुदशीका दिन पनि पशुपतिनाथमा असंख्य

दर्शनार्थी आउने गरेको हुँदा यसै दिन बढी कमाई हुन्छ भनी बताउने मगन्तेआठ प्रतिशत (८%) रहेको देखिन्छ । यसरी हेर्दा शिवरात्रीका दिन बढी आम्दानी हुन्छ भनी बताउने मगन्तेहरूको प्रतिशत अन्यको भन्दा बढी देखिन आएको प्रष्ट हुन्छ ।

### (च) मगन्तेहरूले माग्न बस्दा पाउने वस्तुहरू

श्री पशुपतिनाथ वरिपरि माग्ने पेशा अपनाइ बसेको मगन्तेहरूले माग्दा पाउने वस्तुहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१६**

**मगन्तेहरूले माग्न बस्दा पाउने वस्तुको विवरण**

| क्र.सं. | वस्तुहरू | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | पैसा र अन्न दुवै पाउने | ३५ | १२ | ४७ | ९४% |
| 2= | पैसा मात्र पाउने | ३ | – | ३ | ६% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

श्री पशुपतिनाथ क्षेत्र वरिपरि अनुसन्धान गर्दा मगन्तेहरूले माग्दा प्रायः के कस्ता वस्तुहरू प्राप्त गर्दा रहेछन् भन्न कुरालाई माथिको तालिकामा उल्लेख गरिएको छ । जस अनुसार माग्न बस्दा सबैभन्दा अधिक मात्रामा अन्न र पैसा पाउने मगन्तेहरू चौरानब्बे प्रतिशत (९४%) देखिएको छ । शारीरिक रोगी, अपाङ्गलाई पनि प्रायः दाताहरूले पैसा मात्र दिएको र केहीले अन्न पनि दिएको देखिएता पनि यस वर्गमा मगन्तेहरूले पैसा मात्र माग्ने गरेको पाइयो । यसरी पैसामात्र पाउने वा माग्नेहरूको सङ्ख्या छ प्रतिशत (६%) देखिन आएको छ ।

### (छ) मगन्ते हुनुपर्ने कारण

श्री पशुपति क्षेत्र वरिपरि बसोबास गरी माग्ने पेशा अपनाइरहेका मगन्तेहरूको घर छोड्नु पर्ने कारण अथवा मगन्तेनै हुनुपर्ने कारणबारे प्राप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१७**

**मगन्तेहुनुपर्ने कारण सम्बन्धी विवरण**

| क.सं. | कारण | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | सौता सौतेनी बुबा, अमाका कारण | ४ | ४ | ८ | १६% |
| 2= | एक्लो भएर | ५ | २ | ७ | १४% |
| 3= | घरमा धेरै काम गर्नुपरेकोले | ६ | १ | ७ | १४% |
| 4= | शारीरिक दुर्वलता भएर | ४ | २ | ६ | १२% |
| 5= | खान नपाएर वा नपुगेर | ५ | १ | ६ | १२% |
| 6= | अपाङ्ग भएर | ४ | १ | ५ | १०% |
| 7= | घरमा झगडा गरेर | ३ | १ | ४ | ८% |
| 8= | पढ्न नसकेर | २ | – | ३ | ६% |
| 9= | सङ्गतले | २ | – | २ | ४% |
| 10= | खेदिएर | २ | – | २ | ४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूले घरपरिवार छोडेर हिंड्नुको कारण अथवा मगन्ते हुनुपर्नाको कारणको सम्बन्धमा अनुसन्धानबाट प्राप्त तथ्याङ्क अनुसार सौता ल्याएका कारण आफू तिरस्कृत भएको अवस्था र सौतेनी बाबु आमाका कारण उक्त स्थानमा बसी गुजारा गर्न सम्भव नभएका कारण घर छोडी हिंडेको भनी बताउने मगन्तेहरू सोह्र प्रतिशत (१६%), एक्लो परिवार विहिन भएको कारण घर छोडी हिंडेका मगन्तेहरू चौध प्रतिशत (१४%), घरमा सकी नसकी धेरै काम गर्नुपर्ने र काम गरे अनुसारको खान नपुगी घर छोडेर हिंडेको मगन्तेहरू चौध प्रतिशत (१४%), लामो समयसम्मको दीर्घकालीन रोग वा असाध्य रोगको उपचार गरी वा गर्न नसकेर घर छोडेर हिंडेको बताउने मगन्तेहरू बाह्र प्रतिशत (१२%),

परिवारको कमजोर आर्थिक अवस्थाका कारण विहान बेलुका हात मुख जोर्न सँधै समस्या हुने हुँदा यसरी घर छोडी हिंडेका मगन्तेहरू बाह्र प्रतिशत (१२%), रहेको माथिको तालिकाले देखाएको छ । त्यसैगरी शारीरिक रूपले दुर्घटनामा परी वा विभिन्न कारणबाट अपाङ्ग भई त्यसै बसी खाई रहने भन्ने अपशब्द सहन नसकेर बाध्य भएर घर छोडी हिंडेको बताउने मगन्तेहरू दश प्रतिशत (१०%), घरमा दैजिक कलह हुने र आफ्नो अपहेलना भएका कारण आफूखुसी केही गर्न नपाउने हप्की दप्की खाइरहनु पर्ने सहन नसकेर आफै घर छोडी हिंडेको बताउने मगन्तेहरू आठ प्रतिशत (८%), घरमा पढ्न नसकेका कारण पिटाई खाने, गाली गर्ने गरेबाट त्यसको डरबाट मुक्त हुन घर छोडी हिंडेको भनी बताउने मगन्तेहरू छ (६%), माग्ने पेशामा लागेका साथी भाइएको परिवारको सङ्गतका कारण घर छोडी हिंडेको बताउने चार प्रतिशत (४%) र बसिरहेको स्थानबाट विस्थापित भई प्राण रक्षार्थ खेदिएको र आफू माग्नुपर्ने अवस्थाका कारण घर छोडी हिंडेको भनेर बताउने मगन्तहरू चार प्रतिशत ( ४%) देखिन आएको माथि तालिकाले प्रमाणित गरेको छ ।

### (ज) भिख मागेको वस्तुको प्रयोग

श्री पशुपतिनाथ क्षेत्र वरिपरि बसोबास गरी मगन्ते पेशा अपनाएका मगन्तेहरूले मागेर ल्याएको अन्नको प्रयोग गर्ने तरिका सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१८**

**मगन्तेहरूले मागेको वस्तुको प्रयोग गर्ने तरिकाबारे विवरण**

| क्र.सं. | प्रयोग गर्ने तरिका | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | आफै खाने | ३० | ८ | ३८ | ७६% |
| 2= | विक्री गर्ने | ८ | ४ | १२ | २४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मागेर प्राप्त गरेको अन्न र अन्य जिन्सी सामान मगन्तेहरूले के–कति मात्रामा प्राप्त गर्दा रहेछन् भनी सर्वेक्षण गर्दा अन्य दिनको तुलनामा चाडपर्वका समयमा अधिक अन्न प्राप्त हुने देखियो र अन्य दिन एकदेखि डेड दुई किलोसम्म प्राप्त गर्ने गरेको जानकारी प्राप्त भयो । यसरी मागेर ल्याएको अन्न सम्पूर्ण आफैलाई खान प्रयोग गर्ने मगन्तेहरू छयहत्तर प्रतिशत (७६%) रहेको र मागेको अन्न विक्री गर्नेहरूमा शारीरिक रूपले अशक्त रोगी आदि देखिन आएकोले यसरी अन्न विक्री गर्ने मगन्तेहरू चौबीस प्रतिशत (२४%) भएको माथिको तालिकाले उल्लेख गरेको छ ।

### (झ) मगन्तेहरूको अन्य कुरामा हुने खर्च

श्री पशुपति नाथ क्षेत्र वरिपरि बासोबास गरी मगन्तेपेशा अपनाएका मगन्तेहरूको खाना बाहेक अन्य कुरामा हुने खर्च सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१९**

**मगन्तेहरूको अन्य कुरामा हुने खर्च सम्बन्धी विवरण**

| क्र.सं. | खर्च शीर्षक | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | चिया/चुरोट/खैनी | २४ | ७ | ३१ | ६२% |
| 2= | अन्य | १० | २ | १२ | २४% |
| 3= | मद्यपान | ४ | ३ | ७ | १४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूले खानादेखि बाहेक अन्य के कुरामा खर्च गर्दा रहेछन् भनी अनुसन्धान गर्दा प्राप्त तथ्याङ्क अनुसार धेरैले चिया, चुरोट, खैती सेवन गर्ने गरेकाले केहीले दुई रूपैयाँ प्रति प्याकेट पर्ने खैनी छ प्याकेट (६) सेवन गर्ने गरेको र केहीले आदत, देखासिकी सेवन गर्ने गरेको बताए पनि हाल चलिरहेको चिया खाँदा रू. १०।– रूपैयाँ पर्न आउँछ । चियाकिो साथमा विस्कुट पाँच रूपैयाँ तल्लो तहकोलाइ पर्छ, यसरी गणना गर्दा एकजना मगन्तेले

चिया, विस्कुट खारूदा उक समय १३ रूपैयाँ पर्न जान्छ तर जसरी अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ भने झैँ त्यसैगरी हाम्रो आहारा भोलेबाबाले पुऱ्याउनु हुन्छ भनी मगन्तेहरूले निर्धक्क साथ शोधकर्तालाई बताए । यसरी चुरोट चिया, खैनीमा खर्च गर्ने मगन्तेहरू बयसठ्ठी प्रतिशत (६२%) र घुम्न जाने, सिनेमा हेर्न जाने, साइकल भाडामा लिएर चलाउने, घरको भाडा तिर्नु र अन्य शीर्षकमा खर्च गर्ने मगन्तेहरू चौबीस प्रतिशत (२४%), साथीभाई र एक्लै मनलाग्दा वा दैनिक जातीय चलनको कारण आदत र जाडोमा चिसोबाट बच्नको लागि मद्यपान गर्ने गरेका र खर्च त्यसैमा ज्यादा हुने गरेको भनी बताउने मगन्तेहरू चौध प्रतिशत (१४%) रहेको माथिको तलिकाले पुष्टि गरेको छ ।

## ५.३ शारीरिक अवस्था

शारीरिक र मानसिक अशक्तता मानव जीवनको लागि एक दुर्भाग्य एवं कमजोर अवस्था हो । सामाजिक रूपमा शारीरिक र मानसिक दृष्टिकोणले अशक्त भएर परिवारमा बस्नु परिवारको बोझ सिवाय केही हुँदैन, जन्म लिएपछि हुर्काउने र समाजको योग्य सदस्य बनाउने कार्य आमा, बाबु र परिवारका अन्य सदस्यहरूको कर्तव्य हुन्छ । परिवारको पालनपोषण गर्ने जिम्मेवारी वा बोझ परिवारका संरक्षणमा पर्न आउँछ ।

मानव समाजको नियम अनुसार जन्माएपछि आफैले वा कसैले हुर्काउनु नै पर्छ र संरक्षकले नै पालनपोषण गर्नुपर्छ भन्ने निश्चितता पनि हैन, कारणवस त्यस्तो सामाजिक नियमको पालना नभएको तथ्य पनि हामी समाजबाटै पाउँछौं । यी सबै व्यवहार व्यक्तिको व्यक्तिगत विचारमा निहित हुन्छ । बेला बखत नियम पालन गर्ने इच्छा आकांक्षा भएर पनि नर्गुपर्ने वा आफ्नो क्षमता बाहिरको परिस्थिति पनि उत्पन्न हुन सक्छ । यस्तो अवस्थामा स्थिति र वातावरणको विवशताले नियम उल्लंघन गर्नु पनि स्वाभाविक प्रक्रिया नै ठहर्न आउँछ । फाइदा र बेफाइदाको सम्मिश्रण भएर समाजमा समाजका सदस्यहरूले आफ्नो किसिमको व्यक्तित्व विकास गरी सो अनुसार आफूलाई समाजको अगाडि प्रस्तुत गराई राखेका हुन्छन् । फलस्वरूप समाजका सदस्यहरूले आफ्नो व्ययक्तित्वभित्र  मानिसमा रहेको स्वार्थीपनलाई बास दिएको हुन्छ । स्वार्थमा मात्रा अवस्था अनुसार घटिबढी हुनु पनि स्वाभाविक प्रक्रिया मानिन्छ । यति स्वार्थका कारण कसैले आफूले जन्माएको सन्तती उठिवास, प्राणहरण गरेको घटना हाम्रो समाजमा नघटेका होइनन् र अब घट्दैनन् भनी

ठोकुवा पनि गर्न सकिँदैन । यसरी कोहीलाई आफूले निर्वाह गर्नुपर्ने कर्तव्य पालन गर्न विभिन्न कारणबश मौका एवं वातावरण प्राप्त हुँदा पनि कर्तव्य पालनबाट विमुख भएका हुन्छन् । तर उपरोक्त अनुसार विवेचना एवं विश्लेषण गरिएको मगन्तेहरूको शारीरिक एवं मानसिक अवस्थाका बारे प्रष्ट एवं अदृश्य रूपले सम्बन्ध हुनसक्ने वास्तविक आधारलाई पनि स्वीकार गर्न सकिन्छ भन्ने कुरा तलको तालिकाबाट पनि प्रष्ट हुन आउँछ ।

**तालिका नं. ५.२०**

**मगन्तेहरूको शारीरिक अवस्थाको विवरण**

| क.सं. | शारीरिक अवस्था | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | अपाङ्ग अवस्था | १८ | ८ | २६ | ५२% |
| 2= | सामान्य अवस्था | ९ | २ | ११ | २२% |
| 3= | असामान्य अवस्था | ८ | २ | १० | २०% |
| 4= | बृद्ध अवस्था | ३ | – | ३ | ६% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

यस अध्ययनबाट सवैभन्दा वढी संख्याको मगन्तेहरू अपाङ्ग अवश्थाकै भेटियो । त्यसपछि सामानय शारिरिक आवस्थाका मगन्तेको संख्या सोभन्दा क्रमश कम रहेको देखियो । यसको मुख्य कारण गरिबी रहेको र यसमा अभिभावक विहीन वालवालिका रहेका छन् । यसबाट के बुझ्न सकिन्छ भने मगन्ते हुनलाई गरिवी मात्र नभएर शारिरिक अवस्थालाई पनि लिन सकिन्छ । जव शारिरिक अवस्था कमजोर हुन थाल्छ त्यो घर र समाजमै अपहेलित हुन्छ । यस्तो अवस्थामा केही उपाय नलागे पछि भिख माग्न बाध्य भएको पाइयो ।

## ५.४ मगन्तेहरूको विभिन्न क्रियाकलापहरू

श्री पशुपतिनाथ क्षेत्र वरिपरि बसोबास गरी मगन्तेपेशा अपनाइरहेका मगन्तेहरूले माग्न बस्दा वा माग्दा के के पाउँछन् ? कुन समयमा माग्छन् ? अन्यत्र पनि माग्न जान्छन् की ? मागेर ल्याएका चिजहरू कसरी प्रयोग गर्छन ? बिरामी हुँदा र जन्म, मृत्युमा कस्तो व्यवस्था अपनाउँछन् ? शारीरिक सरसफाइलाई कसरी व्यवस्थित गर्छन् ? आदि विषयहरू मगन्तेको क्रियाकलापभित्र पर्ने हुँदा ती क्रियाकलापहरूको विश्लेषण गर्ने प्रयास यस ठाउँमा गरिएको छ ।

**तालिका नं. ५.२१**

**मगन्तेहरूको मागन बस्दाको प्रक्रिया**

| क्र.सं. | प्रक्रिया | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | एक्लै माग्न बस्ने | २९ | ८ | ३७ | ७४% |
| 2= | साथीहरूसँग माग्न बस्ने | ६ | ३ | ९ | १८% |
| 3= | एउटै ठाउँमा माग्न बस्ने | ३ | १ | ४ | ८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरू पशुपति क्षेत्रमा कसरी भिख बसेका हुन्छन् भनी अनुसन्धान गरी जानकारी प्राप्त गर्दा एक्लै माग्न बस्ने मगन्तेको प्रतिशत अन्यको तुलनामा धेरै देखिन आएको छ । एक्लै माग्न बस्नेहरू पशुपतिनाथ मन्दिरको मूलढोका अगाडि बाटोको दाहिनेतर्फ र गौशालाबाट पशुपतितर्फको दाहिनेतर्फको पेटीमा र पार्किङ्ग स्थलमा बस्ने गरेको पाइएको छ । आफू सधैं माग्न बस्ने स्थानमा अरुलाई माग्न बस्न नदिने र अरुको स्थानमा आफू पनि भिख माग्न बसेर हस्तक्षेप नगर्ने, त्यस्तो भएको बखत त्यस स्थान वरपर बस्ने मगन्तेले हप्काउने र हात हालाहालको अवस्था समेत रहेको यस सोधकर्ताले अध्ययनका क्रममा अनुभव गर्न पाएको कुरा यहाँ उल्लेखनीय रहन्छ ।

तराईवासी मधिसे भनेर चिनिनेहरू र मित्रराष्ट्र भारतबाट विभिन्न कारणले माग्न बसेकाहरू पशुपति पार्किङ्ग क्षेत्रबाट उत्तरतर्फ र गौशाला र पशुपतितर्फको बाटोको पेटीमा माग्न बसेका भेटिए । यसरी पशुपतिनाथ मन्दिरको मूलढोका अघिल्तिर अर्थात् पश्चिम पूर्व

बाटोमा प्रायः पहाडे सम्प्रदायका माग्नेहरूको बाहुल्य रहेको र त्यस क्षेत्रमा अन्यत्रबाट माग्न आउने वा स्थान बदली बस्ने प्रवृत्ति प्रायः देखिएन यसरी एक्लै बसेर माग्नेको गणना गर्दा चौहत्तर प्रतिशत (७४%) रहेको देखिन आएको छ । साथीभाईहरूसँग बसेर माग्नेहरू पनि आफ्नै निश्चित स्थानमा बस्ने गरेको यिनीहरू अठार प्रतिशत (१८%) देखिएको र अरुको स्थानमा नजाने आफ्नै दैनिक बस्ने स्थानमा बसी माग्ने आठ प्रतिशत (८%) देखिएको तालिकाले पुष्टि गरेको छ ।

मगन्तेहरूले समूहमा वा साथीभाईसँग माग्न बस्दा मागेको अंश (कमाइ) लाई एक अर्कामा भाग बण्डा लगाउनु पर्ने र कमाइ कम हुने हुनाले नै एक्लै माग्न बस्नेको प्रतिशत अधिक भएको हो भन्न सकिन्छ । अरु समय आफैसँग साथमा हिंडडुल गर्ने साथी वा नातेदार साथ रहेता पनि आर्थिक उपार्जन गर्ने समयमा उनीहरूको सोचाइमा एक्लोपन एवं स्वार्थीपना आउनु स्वभाविक हो । उक्त आधारलाई हेरी विश्लेषण गर्दा एक्लै माग्न बस्नेको र अन्य मगन्तेहरूको प्रतिशतमा अन्तर देखिएको छ ।

**तालिका नं. ५.२२**

**मगन्तेहरूले भिख माग्द बस्दा अपनाउने तरिका**

| क्र.सं. | भिख माग्ने तरिका | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | एकै स्थानमा बसी राख्ने | १७ | ४ | २१ | ४२% |
| 2= | बिरामी भएको बहाना गर्ने | ६ | ३ | ९ | १८% |
| 3= | कराउँदै पछ्याउने | ५ | १ | ६ | १२% |
| 4= | बिलौना गरी आकर्षित गर्ने | ४ | २ | ६ | १२% |
| 5= | सबैथोक गर्ने | ३ | १ | ४ | ८% |
| 6= | घाउ भएको बहाना गर्ने | ३ | १ | ४ | ८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

माथि तालिका नं. ५.२२ अनुसार शारीरिक अपाङ्ग रोगी असक्त, बृद्ध एकै स्थानमा मात्र बसी राख्ने मगन्तेहरू बयालिस प्रतिशत (४२%) अर्थात् सबैभन्दा अधिक रहेको देखिन आएको छ । यस्ता मगन्तेहरूप्रति पैायः दान दक्षिणा गर्ने र मानव हृदयले सहाभूति प्राप्त गरी दान पाएको पनि देखियो । बिरामी परे जस्तै गरी हावभावबाट आकर्षिक गरी माग्नेहरू अठास प्रतिशत (१८%) भएको, नौलो दर्शनार्थी, पर्यटक, यसले दिन्छ जस्तो लाग्ने बित्तिकै खान नपाएको धेरै दिन भएको वा अन्य केही कुरा अस्पष्टसँग बोल्दै धेरै पैसा पाउने आशमा कराउँदै पछ्याउँने, खुट्टा समाउनेहरू बाह्र प्रतिशत (१२%) रहेको देखिन आएको छ । पशुपतिनाथ वरिपरि प्रायः उकै स्थानमा बस्ने, कपडाले मुख छोपेर बिलौना गरी माग्ने बाह्र प्रतिशत (१२%) भेटिए भने संवैथोक गर्नसक्ने मगन्तेआठ प्रतिशत (८%) र हातमा, टाउकोमा, खुट्टामा पट्टी बाँधेर वा बाँधिएको ठाउँ देखाई माग्नेहरूले खाली औषधीको सिसी, घाउमा लगाउने पट्टी देखाई माग्न बसेको समेत पाइयो । यसरी माग्नेहरूको सङ्ख्या आठ प्रतिशत (८%) रहेको तालिकाले पुष्टि गरेको छ ।

**तालिका नं. ५.२३**

**मगन्तेहरूले भिख माग्न थालेको समयावधि**

| **क्र.सं.** | **भिख माग्न थालेको समयावधि** | **पुरूष** | **महिला** | **जम्मा सङ्ख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|
| 1= | १–४ वर्ष | २१ | ६ | २७ | ५४% |
| 2= | ५–९ वर्ष | १५ | ६ | २१ | ४२% |
| 3= | १०–१४ | १ | – | १ | २% |
| 4= | १५–१९ वर्ष | ४ | २ | ६ | १२% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

यसरी पशुपति क्षेत्र वरिपरि बसोबास गरी मगन्ते पेशा अपनाएका मगन्तेहरूले भिख माग्न बसेको समयको अध्ययन गर्दा सबैभन्दा बढी बिहानदेखि बेलुकासम्म बस्ने गरेको पाइयो । त्यसरी नै क्रमशः मन लागुञ्जेल माग्न बस्नु, बिहानदेखि दिउँसोसम्म बस्ने, बिहान मात्र माग्न बस्ने र बेलुका मात्र माग्न बस्ने गरेको माथिको तालिकाले देखाएको छ ।

उपरोक्त तालिकाको आधारमा माग्ने पेशा अपनाइसकेपछी निरन्तर रूपमा बिहानदेखि बेलुकासम्म लागी रहने मगन्तेहरूको बाहुल्यता छ ।

**तालिका नं. ५.२४**

**मगन्तेहरूले आम्दानी नभएको दिन गुजारा चलाउने तरिका**

| क्र.सं. | तरिका | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | पहिलेको बचतबाट झिकेर | २७ | ९ | ३६ | ७२% |
| 2= | साथीभाईसँग सापट लिएर | ८ | २ | १० | २०% |
| 3= | अन्य कार्यबाट | ३ | १ | ४ | ८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको कमाई आम्दानी सबै दिन एकैनास नहुने पाइयो । जाडोमा धेरै समय बस्न नसक्ने र वर्षाभरी रूभ्केर बस्न पने प्राकृतिक नियमप्रति झुक्न बाध्य हुनुपर्दा निश्चित नै उक्त समय मगन्तेहरूको कमाई कम हुने गर्दछ । यसरी आम्दानी नभएको समयमा कसरी गुजारा चलाउँदा रहेछन् भनी अनुसन्धान गर्दा पहिले मागेर बचत गरेको चलाई गुजारा गर्ने मगन्तेहरू बहत्तर प्रतिशत (७२%), साथीमाई, आफन्तहरूसँग सरसापट लिएर खर्च चलाउने मगन्तेहरू बीस प्रतिशत (२०%) र कमाई नभएको दिन मात्र होटलमा गई भाँडा सफा गरी गुजारा गर्ने मगन्तेहरू आठ प्रतिशत (८%) भएको कुरा तालिका नं. ५.२४ बाट प्रष्ट हुन आउँछ ।

**तालिका नं. ५.२५**

**मगन्तेहरूले खाना खाने प्रक्रिया**

| क्र.सं. | प्रक्रिया | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | एक्लै पकाएर खाने | १७ | ७ | २४ | ४८% |
| 2= | साथीहरूसँग मिले खाने | ११ | ३ | १४ | २८% |
| 3= | बसेकै स्थानमा खाने | ५ | १ | ६ | १२% |
| 4= | होटलमा खाने | ५ | १ | ६ | १२% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

पाटी पौवामा बसेर आफूमात्र बनाएर खाने माग्नेहरू अड्चालीस प्रतिशत (४८%) र उनीहरूले होटलमा खाँदा खर्चले नपुग्ने, साथीभाईहरूसँग सगोलमा पकाएर खाँदा मिठो नहुने साथै आफ्नो रुची अनुसार नहुने भएकोले एक्लै पकाएर खाने गरेको पाइयो । साथीभाईहरूसँग मिलेर मागेर ल्याएको अन्न पैसा एकअर्कामा भाग गरी मिलेर पकाई खाने मगन्तेहरू अट्ठाइस प्रतिशत (२८%), खाना बनाउन नसक्ने, झन्झट नगर्ने वा नसक्ने विभिन्न कारणले होटलमै खाना खाने मगन्तेहरू बाह्र (१२%) देखिन आयो । त्यसैगरी डेरामा बस्ने, छाप्रामा बस्ने, पेटीमा बस्नेहरूले बसेकै स्थानमा पकाएर खाने गरेको बाह्र प्रतिशत ( १२%) रहेकोले तालिकाले पुष्टि गरेको छ ।

**तालिका नं. ५.२६**

**मगन्तेहरू बिरामी हुँदा उपचार गराउने स्थान**

| क्र.सं. | स्थान | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | अस्पताल जाने | २४ | ५ | २९ | ५८% |
| 2= | उपचार नै नगराउने | ८ | ४ | १२ | २४% |
| 3= | औषधी पसलमा | ६ | ३ | ९ | १८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

माथिको तालिका नं. ५.२६ अनुसार पशुपति क्षेत्र वरिपरि बसेका माग्नेहरू बिरामी हुँदा उपचार गर्ने वा नगर्ने के रहेछ भनी अनुसन्धान गर्दा प्राप्त तथ्याङ्क अनुसार बिरामी हुँदा अस्पताल जानेहरूको सङ्ख्या अधिक रहेको पाइयो । यहाँ उनीहरू पिङ्गलास्थानमा अवस्थित सेवाश्रम अस्पताल, मदर टेरेसा ट्रष्ट, असहाय कल्याण क्लव आदिमा गएर उपचार गराउने गरेको बुझिन्छ । यसरी असपाल नजिक हुनु स्वयंसेवा संस्थाबाट निःशुल्क उपचार हुने वा गरिने भएकोले होला अस्पताल उपचार गर्न जाने मगन्तेहरू अन्ठाउन्न प्रतिशत ( ५८%) रहेको देखिन आयो । जस्तै साह्रो बिरामी हुँदा पनि उपचार नगराउने वा उपचार गर्दा निको नभएकाहरू उपचार गर्न जाँदा धेरै खर्च हुने मनसाय बोकेका मगन्तेहरू उपचार

नै गर्न नजानेहरू चौबीस प्रतिशत (२४%) र आफै औषधी पसल गई समस्या बताएर औषधी किनेर खाने मगन्तेहरू अठार प्रतिशत (१८%) भएको माथिको तालिकाले प्रमाणित गरेको छ ।

**तालिका नं. ५.२७**

**मगन्तेहरूबिरामी हुँदा हेरविचार गर्ने सम्बन्धी विवरण**

| **क्र.सं.** | **हेरविचार गर्ने** | **पुरूष** | **महिला** | **जम्मा सङ्ख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|
| 1= | साथीभाईले | १५ | ६ | २१ | ४२% |
| 2= | परिवारले | १० | २ | १२ | २४% |
| 3= | कसैले गर्दैन | ७ | २ | ९ | १८% |
| 4= | दर्शनार्थीहरूले | ६ | २ | ८ | १६% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूले बिरामी भएको अवस्थामा उपचार गर्ने नगर्ने सम्बन्धमा माथि उल्लेख गरी सकिएकोले यहाँ त्यसै सन्दर्भमा मगन्तेहरू बिरामी पर्दा को कसले हेरविचार गर्छ भन्ने कुराको समेत अनुसन्धानको क्रममा अध्ययन गरिएको हुँदा त्यसलाई उल्लेख गर्न आवश्यक ठानिएको छ । जस अनुसार मगन्तेहरू बिरामी पर्दा माग्न नजाने जहाँ बसेको वा सुतेको छ त्यहीँ सुतिरहने वा कसैले हेरविचार नगर्ने गरेको समेत पाइयो । यसरी असक्त वा साधारण विरामी पर्दा साथीभाईहरूले हेरविचार गर्छ भनी जवाफ दिने मगन्तेहरू बयालीस प्रतिशत (४२%) रहेको देखियो । मगन्ते जसका परिवार छन् तिनीहरूले नै बिरामी भएको समयमा हेरचाह गर्छन् भनी जवाफ दिने मगन्तेहरू चौबीस प्रतिशत (२४%) बिरामी भएको बखत कसैले पनि हेर्दैन भनी जवाफ दिने मगन्तेहरू अठार प्रतिशत (१८%) र जो दैनिक दर्शन गर्न आउँछन् वा दर्शन गर्न आउने श्रद्धालुहरूले हेरचाह गरी उपचार गर्न लगिदिने गरेको समेत अनुसन्धानका क्रममा देखिन आएकोले यस्तो जवाफ दिने मगन्तेहरू सोह्र प्रतिशत (१६%) रहेको तालिकाले देखाएको छ ।

**तालिका नं. ५.२८**

**मगन्तेहरूले सरसफाई नगर्नुका कारण**

| **क्र.सं.** | **कारण** | **पुरूष** | **महिला** | **जम्मा सङ्ख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|
| 1= | पानी नपाएर | १८ | ६ | २४ | ४८% |
| 2= | मन नलागेर | ९ | १ | १० | २०% |
| 3= | शरीरले नसक्ने भएर | ६ | ३ | ९ | १८% |
| 4= | नभ्याएर | ४ | १ | ५ | १०% |
| 5= | सफा बस्दा भिक्षा पाइँदैन भनेर | १ | १ | २ | ४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

पशुपति क्षेत्र वरिपरि बसोबास गरी माग्ने पेशा अपनाइरहेका मगन्तेहरू प्राय: घिनलाग्दा, फोहोरी, गन्हाउने अवस्थामा रहेको पाइन्छ । किन मगन्तेहरू फोहोरी हुन्छन् र सरसफाई गर्दैनन् भनी अनुसन्धान गर्दा प्राप्त जानकारी अनुसार काठमाडौं उपत्यकामा खानेपानीको समस्याका कारण र पशुपति क्षेत्र वरपर सार्वजनिक धारा वा पानीको सुविधा नहुनु र आर्यघाटमा भएको धारामा सरसफाइ गर्न नपाउने र बाग्मतीको प्रदूषित पानीका कारण नै पानीलाई आधार मानी पर्याप्त पानीको अभावले सरसफाइ गर्न नपाएको भनी बताउने मगन्तेहरू अड्चालीस प्रतिशत (४८%), सरसफाइ गर्न मन नलागेर नगरेका बताउने मगन्तेहरू बीस प्रतिशत (२०%) रहेको देखियो । शारीरिक असक्तताका कारण सरसफाइ गर्न नसकेको भनी बताउने मगन्तेहरू अठार प्रतिशत (१८%), विहान उठ्यो माग्न हिंड्यो, खायो बस्यो सरसफाई नै गर्न भ्याइदैन भनी बताउने मगन्तेहरू दश प्रतिशत (१०%) र सफा भएर माग्न बस्दा भिक्षा दिंदैन भनी बताउनेहरू चार प्रतिशत भएको तालिकाले प्रमाणित गरेको छ ।

## ५.५ मगन्तेहरूको सामाजिक एवं सांस्कृतिक दृष्टिकोण

दया, माया, मानव स्वभावमा रहेका मानवीय गुण हुन् । मगन्तेहरूको पनि हृदयमा दया, माया हुन्छ । सामाजिक सम्बन्ध कायम गरी त्यही अनुसारको जीवनयापन गर्नु मानवीय स्वभाव हो । यहाँ मगन्तेहरूको एक अर्कोप्रति कस्तो सम्बन्ध छ भन्ने तथ्यलाई खुलस्त पार्न खोजिएको छ साथै परिवारप्रतिको दृष्टिकोण सम्बन्ध र जन्म, मृत्यूको संस्कार बारे समेत चर्चा गर्ने प्रयत्न गरिएको छ ।

**तालिका नं. ५.२९**

**मगन्तेहरूलाई माया गर्ने**

| क्र.सं. | माया गर्ने | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | साथी भाईले | १३ | ४ | १७ | ३४% |
| 2= | दर्शनार्थीले | ११ | ३ | १४ | २८% |
| 3= | आफन्तले | ७ | २ | ९ | १८% |
| 4= | कसैले गर्दैन | ५ | ३ | ८ | १६% |
| 5= | बुबा आमाले | २ | – | २ | ४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

अनुसन्धानको क्रममा पचास जना पुरूष/महिला मगन्तेहरूलाई उनीहरू माग्न बसेकै स्थलमा यहाँ माग्न बसेको समयदेखि कसले बढी माया ममता गर्छ भनी प्रश्न गर्दा चौंतीस प्रतिशत (३४%) मगन्तेहरूले साथीभाइले बढी माया गर्ने गरेको बताए । दैनिक दशनाका लागि आउने दर्शनार्थीहरूबाट माया ममता प्राप्त गर्ने मगन्तेहरू अठ्ठाइस प्रतिशत (२८%), आफन्तहरूले बढी माया/ममता गर्छन् भनी बताउने मगन्तेहरू अठार प्रतिशत (१८%) देखिएको, यहाँ माग्न बस्दा कसैले कसैलाई माया/ममता गर्दैनन् भनी जवाफ दिने मगन्तेहरू सोह्र प्रतिशत (१६%) रहेको तालिकाले देखाएको छ ।

**तालिका नं. ५.३०**

**मगन्तेहरूले माया गर्ने**

| क्र.सं. | माया गर्ने | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | साथीभाईलाई | १८ | ५ | २३ | ४६% |
| 2= | दशनार्थीलाई | ८ | २ | १० | २०% |
| 3= | कसैलाई नगर्ने | ५ | ३ | ८ | १६% |
| 4= | आफन्तलाई | ५ | २ | ७ | १४% |
| 5= | बुबा, आमालाई | २ | – | २ | ४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

त्यसैगरी मगन्तेहरूले माया गर्नेहरूका सम्बन्धमा जानकारी प्राप्त गर्दा साथीभाईहरूलाई बढी माया गर्ने मगन्तेहरू छयालिस प्रतिशत (४६%) पाइयो । दशनार्थीहरूलाई माया गर्ने मगन्तेहरू बीस प्रतिशत (२०%), कसैलाई नगर्ने मगन्तेहरू सोह्र प्रतिशत (१६%), आफन्तहरूलाई माया गर्ने मगन्तेहरू चौध प्रतिशत (१४%) र बुबा, आमालाई माया गर्ने मगन्तेहरू चार प्रतिशत (४%) रहेको तालिकाले देखाएको छ ।

यसरी हेर्दा मगन्तेहरूले माया गर्ने र मगन्तेहरूलाई माया गर्नेहरूमा नजिकको साथीभाई रहेको प्राप्त प्रतिशतको तुलना गर्दा प्रष्ट हुन आउँछ । साथै कसैले माया गर्दैन भन्ने मगन्तेहरू र कसैलाई माया नगर्ने मगन्तेहरू समान प्रतिशतमा देखिए । माया गर्ने मगन्तेहरू पनि यहाँ समान प्रतिशतमा देखिए ।

**तालिका नं. ५.३१**

**घरबाट लिन आए जाने वा नजाने**

| **क्र.सं.** | **जाने/नजाने** | **पुरूष** | **महिला** | **जम्मा सङ्ख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|
| 1= | घरबाट लिन आए नजाने | २३ | ९ | ३२ | ६४% |
| 2= | घरबाट लिन आए जाने | १० | १ | ११ | २२% |
| 3= | विचार गर्नुपर्छ | ५ | २ | ७ | १४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

तालिका नं. ५.३१ मा प्रस्तुत गरिएको तथ्याङ्क घर छोडी आएको कारण पहिलेको दुःख सम्फेर घर परिवारबाट लिन आए भने नजाने वा अब घर जान इच्छुक नरहेका मगन्तेहरू चौसट्ठी प्रतिशत (६४%), घरबाट कोही लिन आए जान इच्छुक मगन्तेहरू बाईस प्रतिशत (२२%) र घरबाट लिन आए वा नआएमा जाउँ कि नजाउँ दोधार रहेका या निर्णय गर्न नसकी विचार गनुपर्छ भनी जवाफ दिने मगन्तेहरू चौध प्रतिशत (१४%) रहेको तालिकाले पुष्टि गरेको छ ।

**तालिका नं. ५.३२**

**जन्म र मृत्यू हुँदा संस्कार कसले गरिदिन्छ भन्ने बारे विवरण**

| **क्र.सं.** | **कसले गरिदिन्छ** | **पुरूष** | **महिला** | **जम्मा सङ्ख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|---|
| 1= | नगरपालिकाले | १८ | ७ | २५ | ५०% |
| 2= | वेवारिस | ९ | १ | १० | २०% |
| 3= | जसको हो उसैले | ६ | २ | ८ | १६% |
| 4= | घर परिवारले | ३ | १ | ४ | ८% |
| 5= | सबै मगन्तेहरू मिलेर | २ | १ | ३ | ६% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

माथि तालिका नं. ५.३२ मा देखाइएको तथ्याङ्क अनुसार सबैभन्दा अधिक पचास प्रतिशत (५०%) मगन्तेहरूले मृत्यू हुँदा नगरपालिकाले पाटी पौवामा मृत्यू हुने मगन्तेहरूको दाह संसकार गर्ने र जन्मका सम्बन्धमा पनि केही आर्थिक सहयोग माग्न जानेलाई नगरपालिकाले नै दिने गरेको जानकारी प्राप्त भयो । त्यसरी नै जसको कुनै वारिस हुँदैन अर्थात् कोही नहुने मगन्तेहरू लावारिस जन्मने र मर्ने गर्छ भनी जवाफ दिने मगन्तेहरू बीस प्रतिशत (२०%) भएको, जसको हो उसैले जन्म र मत्यू सम्बन्धी संस्कार गर्छ भनी जवाफ दिने मगन्तेहरू सोह्र प्रतिशत (१६%) रहेको, घरपरिवारले संस्कार गर्छ भनी उत्तर दिने मगन्तेहरू आठ प्रतिशत (८%) रहेको र जन्म मृत्यू हुँदा सो सम्बन्धी संस्कार साथीभाईले गर्छन् भनी जवाफ दिने मगन्तेहरू छ प्रतिशत (६%) रहेका तालिकामा देखिन आएको छ ।

**तालिका नं. ५.३३**

**मगन्तेहरूको आफ्नो भविष्यप्रतिको दृष्टिकोण**

| क्र.सं. | दृष्टिकोण | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | काम गर्ने | २१ | ६ | २७ | ५४% |
| 2= | केही नगर्ने | १५ | ६ | २१ | ४२% |
| 3= | पढ्ने | २ | – | २ | ४% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूको जीवनको लक्ष्य के रहेछ भनी अनुसन्धान गर्दा आफूले सक्ने काम पाए गरेर खाने र गर्न इच्छुक रहेका मगन्तेहरू चौवन्न प्रतिशत (५४%) रहेको, रोगी, अपाङ्ग, अशक्त, बृद्ध जो कुनै कार्य गर्न असमर्थ छन् यस्ता मगन्तेहरू यसरी नै मागेर बस्ने केही नगर्ने भनी जवाफ दिने मगन्तेहरू बयालिस प्रतिशत (४२%) रहेको र पढ्ने र ठूलो मान्छे बनी प्रगति गने अभिलाषा बोकेका मगन्तेको सङ्ख्या चार प्रतशत (४%) रहेको तालिकाले प्रमाणित गरेको छ । यस अध्ययनबाट के थाहा पाउन सकिन्छ भने मगन्तेहरूको पनि

आफ्नो भविश्य प्रति केही दृष्टिकोण रहेको छ । अवसर पाएको खण्डमा आफ्नो भविश्य वदल्न सकिन्थ्यो कि भन्ने कुरामा आशावादी पनि रहेको देखियो ।

**तालिका नं. ५.३४**

**मगन्तेहरूले कस्तो अवस्थामा माग्न छोड्छन् ?**

| क्र.सं. | अवस्था | पुरूष | महिला | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| 1= | नछोड्ने | १७ | ७ | २४ | ४८% |
| 2= | काम पाउँदा | १७ | ५ | २२ | ४४% |
| 3= | पढ्न लेख्न पाए | ४ | – | ४ | ८% |
| | **जम्मा** | **३८** | **१२** | **५०** | **१००%** |

स्रोत : स्थलगत सर्वेक्षण २०७० ।

मगन्तेहरूलाई माग्ने पेशाबाट विमुख गर्न मगन्तेहरू कस्तो अवस्थामा यस पेशाबाट अलग रहन सक्छन् भन्ने कुराको अनुसन्धान गर्दा धेरैले न्यूनतम आवश्यकता वा व्यवस्था भएमा यो पेशा त्याग्न सक्ने बताए ।

यसरी समाजले समुचित संरक्षण गर्न सकेको खण्डमा मगन्तेपेशाबाट अलग हुने कुरा मगन्तेहरू बताउँछन् तर विभिन्न शारीरिक अवस्थाका कारण कुनै अवस्थामा पनि पेशा परिवर्तन वा माग्न छोड्न नसक्ने र मागिनै रहने भनी बताउने मगन्तेहरू सबैभन्दा बढी अड्चालीस प्रतिशत (४८%) देखिन आएको छ । कतै काम  पाएको खण्डमा यो पेशा छाड्ने र अन्य काम गर्न इच्छुक मगन्तेहरू आठ प्रतिशत (८%) रहेको तालिकाले देखाएको छ ।

शारीरिक अवस्थाका कारण र विभिन्न कारणले माग्ने भएकाहरू यो पेशालाई नछोड्ने र मागिरहने भनी जवाफ दिने मगन्तेहरूको प्रतिशत हेर्दा भन्न सकिन्छ की लामो समयदेखि यस पेशामा संलग्न रहिआएकाहरू पेशाप्रति सन्तुष्टि भएको कारण नै पेशा त्याग्न इच्छुक नरहेको माथिको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

## ५.६ वैयक्तिक अध्ययन

यस श्री पशुपतिनाथको मन्दिर वरिपरि छरिएर रहेका मगन्तेहरूको अध्ययनलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्न र मगन्तेहरूको वास्तविक जीवनको यथार्थ तस्विर कोर्ने उद्देश्य लिएर यस क्षेत्र भित्र रहेका मगन्तेहरूमध्ये पाँचजना मगन्तेहरूको वैयक्तिक कथनलाई यहाँ प्रस्तुत गरिएको छ ।

## वैयक्तिक अध्ययन -१

काठमाडौं जिल्ला मित्रपार्क वडा नं. ७ बस्ने १२ वर्षका भक्त कवीर शारिरीक रूपले स्वस्थ भए पनि मागेर पेट पाल्नु पर्ने उनको बाध्यता छ । हातमा भिखपत्र लिएर पशुपति मन्दिरको वरिपरि र गौशाला चोकसम्म आइपुग्ने भक्त कवीर आफ्ना आमाबाबु विहीन छन् । उनी हाल काका–काकीसँग बस्दै आएका छन् । काका–काकी पनि मिर्गी (छारे) रोगबाट पीडित भएको कारण उनले मागी हिंड्नु पर्ने अवस्था छ । सानै उमेरमा आफ्ना आमाबाबु गुमाएकाले काका–काकीले उनलाई आश्रय दिएका रहेछन् । गाडीभित्र पसेर भिख देखाउँदै भिख माग्दा धेरैको गाली गलोज सहनु परेको उनी बताउँछन् । अत्यन्त गरिबीको कारण उनी विद्यालय जान पाएनन् । आफैले भीख मागेर उनका काका–कार्कीलाई समेत दैनिक छाक टार्ने काम गरिरहेका छन् । अरू केही काम नपाएकोले यो पेशामा संलग्न भएको उनी बताउँभ्छन् । दिनभरि भीख माग्दा जम्मा ५०/६० रूपैयाँ जम्मा हुन्छ तर चाडपर्वको बेलामा चाँहि १५०/२०० रूपैयाँसम्म पुग्छ । कहिले काहीं उनका काका–काकी पनि भीख माग्न पशुपति परिसरमा आउने गरेको उनले बताए तर रोगको कारण सधैँ आउन नसक्ने बताए । पशुपति क्षेत्र विकास कोषले जोगीहरू र साधुहरूलाई मात्र केही दान दिने तर आफूलाई कसैले केही सहयोग नगरेको गुनासो गर्छन् । उनको सपना चाँहि भविष्यमा गएर अभिनेता बन्ने छ । तर त्यसको बारेमा उनलाई केही ज्ञान छैन । भविष्यप्रति केही आशावादी देखिए पनि वर्तमानको समस्याले उनी अत्यन्त पिरोलिएका छन् ।

## वैयक्तिक अध्ययन -२

धादिङ जिल्ला घर भएका ३९ वर्षिय नवराज राउत आफू पशुपति क्षेत्रमा २०५३ सालदेखि आएको बताउँछन् । उनी आफूलाई माग्ने भन्न रुचाउँदैनन् । आफूले सिलाई कटाईमा दक्षता हासिल गरेको र उमेरमै दुई खुट्टामा क्यान्सर भएको कारण खुट्टा काट्नु परेको बताउँछन् । घरमा खान लाउन कमी छैन तर दुःख र पिरका कारण घर जाने गरेका छैनन् । बाँसबारीस्थित कोरिय ट्रष्टले मैले कटिङ गर्न जानेको कारण थाहा पाएर काम गर्न लिएर गयो । चार, पाँच महिना काम गर्दा आफूदेखि सबै खुसी भए र ट्रष्टको हाकिम कोरियनले तँ क्रिश्चियन बन, तँलाई राम्री केटी खोजेर बिहे गरिदिन्छु, घर बनाइदिन्छु भन्यो तर मैले मानिन । पछि बुझ्दा मैले कटिङ्ग गर्दै गरेको फोटो भिडियो खिचेर प्रशस्त भिख ल्याएर खाने गर्दो रहेछ । मैले एउटा विदेशीलाई आफ्नो इमान बेच्न सकिन र ३ महिनाको तलव नलिई काम छोडेँ । नवजीवन केन्द्रले ह्विलचेयर दिएको छ । अपाङ्ग ह्विलचेयर दौडमा जापान समेत पुगेको नवराज राउतले तत्कालिन राजासँग पनि दर्शन भेट गरेको बताउँछन् । कतैबाट केही सहयोग पाए अझै केही गर्न सकने बताउँदै लामो समयसम्म भोले बाबाले खान लगाउन पुऱ्याइरहेकोमा गर्व गर्छन् । दैनिक दुई सयसम्म कमाई भइरहेको बताउँछन् ।

## वैयक्तिक अध्ययन -३

३७ वर्षिय अम्वर बहादुर राईको पुर्ख्यौली घर उदयपुर हो । अविवाहित र साक्षर रहेका अम्बर बहादुरले २०६० सालदेखि माग्दै आएको बताउँछन् । यसरी मागेर बस्नुपर्ने कारणका सम्बन्धमा उनी भन्छन्, २०६० साल असारमा गाउँदेखि काठमाडौं घुम्न आएको बखत गौशाला प्रहरी चौकधीमा गाउँकधै साथी हवल्दार रहेछ । उसैले देखेर मलाई बोलाए । मलाई खुसी लाग्यो र साथीले जाउँ हिंड मेरो डेरामा बस्नुपर्छ भन्दा मैले नाइँ भन्न सकिन । बेलुकी कोठामा खुब खसीको मासु र भात खाएर अबेला सुतियो । विहानदेखि पखाला र बान्ता भएको भयै भयो । १ दिनपछि ठीक भयो तर फेरि केही दिनपछिदेखि पखाला मात्र लागिरह्यो । सात दिनसम्म ओछ्यालमै सुतिरहैं र साथीलार्य अस्पताल पुऱ्याइदेउ भनैं । उसले नजिकैको सेवा आश्रम पुऱ्याइदियो । १ महिना जति औषधी गर्दो साथीले फर्केर हेरेन । ठीक भएपछि जीउ कमजोर भएकाले डाक्टरले तिमी अब ठीक भयो तिमीसँग केही रहेनछ भनी एउटा बोरा र एउटा गिलास दिएर तिमी पशुपति गएर बस भनेर एक जना मान्छेसाथ लगाएर पठाइदिए । त्यही बेलादेखि यहाँ बस्न थालैं । बाँच्नु पर्ने भएकोले बिरामी भनेर सबैले दया गरी केही दिन्छन् त्यही खाएर गुजारा गर्दै जाँदा यसैमा मन बस्यो । अरू काम गर्न मन गएन । शरीर पनि पहिले जस्तो हुँदै आयो र मागेर बसी खान थालेको १० वर्ष भइसक्यो । कोही लिन आएर जाने थिएँ भनी परिवारको बाटो हेरी बसेको छु । अचेल दिनभरी माग्दा १०० देखि १५० रूपैयाँसम्म कमाइ हुन्छ ।

## वैयक्तिक अध्ययन -४

कञ्चनपुर जिल्ला घर हुने ७५ वर्षिय अर्जुन बि.क. शारिरीक रूपले त्यत्ति स्वस्थ छैनन् । उनलाई बाथको विराम लागेको छ । १५ वर्ष अघि नदीमा बाढी आएर उनकसो घर खेत सबै ध्वस्त पारिदियो । त्यसपछि जीवन गुजारा गर्न धेरै कठिन भयो उनलाई । उनका २ छोरी र १ छोरा थिए । तीमध्ये एउटी छोरी हैजा लागेर मरिन । उनले छाक टार्नका लागि अरूको घरमा गएर मजदुरी गरे । घर बनाउने ठाउँमा गएर मसला बोक्ने काम गरे । रातदिन दुःख गर्दा पनि केही पार लागेन बरु उनलार्य बाथ रोग लाग्यो । उनले काम गर्न जान सकेनन् । उनकी श्रीमती छोरा छोरी लिएर अरूको घरमा भाँडा माझ्ने, मल बोक्ने काम गर्थिन् । त्यत्तिकैमा उनकै मान्छेसँग सम्बन्ध भएर ती छोरा छोरी सहित भागिन् । अर्जुन एक्लो भए । एक दिन उनका मामाका छोरा उनकोमा आएर काठमाडौं जाउ त्यहाँ जागिर मिल्छ, उपचार पनि हुन्छ भने । त्यसपछि उनी तिनै मामाका छोरासँग काठमाडौं आए । जागिर खान त गए उनी तर रोगले दिएन । काम गर्न नसकेकोले ठेकेदारले कामबाट निकालि दियो । त्यसपछि केही नलागेर पशुपतिमा आए। बस्न थाले । त्यत्तिकैमा त्यहीं मागी खाने एक जना महिलासँग प्रेम हुनु पुग्यो । उनका अहिले १ छोरा छन्, पाँच वर्षका । उनीहरू डेरामा बस्छन् । पत्नीको मानसिक अवस्था त्यति ठीक छैन । त्यसैले कहिलेकाहीं उनलाई सम्हाल्न कठिन हुन्छ । कसैले उनलाई औषधी उपचार गरिदिए काम गरेर खाने बताउँछन् ।

## वैयक्तिक अध्ययन -५

काँसीराम घर्ती मगर घरमा सुतिरहेको बखत अचानक गोली चल्न थाल्यो । कुरा रूकुम जिल्लाको हो । बाहिर निस्कने बित्तिकै उनको दाहिने खुट्टामा गोली लाग्यो र उनी ढले । युद्धमा माओवादी र नेपाली सेनाको भिडन्तमा परी परिवारको अन्य सदस्यहरूको पनि ज्यान गयो । श्रीमती र छोरा छोरी युद्धमा परी मारिएपछि उनी यस संसारमा एक्ला भए । यसैमा खुट्टाको चोट एकातिर अनि मनमा परिवारका सबै सदस्य गुमामउँदाको पीडा सहन नसकेर उनी गाडी चढी एक पछि अर्को शहर गर्दै काठमाडौं उपचार हुने आशामा आइपुगे । शहरमा उनलाई चिन्ने कोही थिएनन् । एक त खुट्टामा लागेको चोट, अर्को केही शिप र योग्यता नभएको मान्छे, उनले काठमाडौंमा धेरै हनटर खानु पऱ्यो । केही सिप नलागेपछि उनी काठमाडौंको पशुपतिनाथ क्षनेत्रमा गएर भीख मागी जीवन गुजारा गर्न पुगे । उनी आफ्नो खुट्टाको उपचार सरकारले गरिदियोस् भन्ने चाहन्छन् । केही न केही सिप सिकेर आत्मनिर्भर हुन नै चाहन्छन् तर कसैले अहिलेसम्म उपचार राम्रोसँग गर्ने बन्दोबस्तसम्म मिलाई दिएको छैन । दैनिक एकजना दयालु मान्छेले आफ्नो घरको स्टोर कोठामा सुत्ने व्यवस्था मिलाई दिएका छन् । दिउँसो भरी पशुपतिनाथ प्राङ्गणमा मागी दिनको रू. १००।– देखि १५० रूपैयाँ मागेर कमाउँछन् । त्यसैबाट उनी आफ्नो गुजारा चलाई रहेका छन् ।

# अध्याय छ
# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

यो अध्ययन काठमाडौंस्थित श्री पशुपतिनाथ मन्दिर वरपर रहेर मागेर जीवनयापत्र गरिरहेकाहरूको अध्ययन हो । यसमा ५० जना मगन्तेहरूलाई लिइएको छ । जसमा पुरूष ३८ जना र महिला १२ जना रहेका छन् ।

यस अध्ययनको मुख्य उद्देश्य मगन्तेहरूको सामाजिक, आर्थिक एवं शारीरिक विशेषताहरू पहिचान गर्नु, मगन्तेहुने कारण विश्लेषण गर्न मगन्तेहरूको विभिन्न क्रियाकलापहरू अध्ययन गर्नु र मगन्तेहरूको भविष्यबारे उनीहरूको दृष्टिकोण प्रस्तुत गर्नु रहेको छ ।

यस अध्ययनको लागि विवरणात्मक अनुसन्धान प्ररचना (Descriptive Research Design) अपनाइएको छ । यस अध्ययनमा प्राथमिक तथ्याङ्कहरू प्राप्त गर्न अन्तर्वार्ता, अनुसूची र प्रत्यक्ष अवलोकन विधि प्रयोग गरिएको छ । द्वितीय तथ्याङ्कहरू प्रकाशित वा अप्काशित पत्रपत्रिकाहरू, पुस्तकहरू आदिबाट लिइएको छ । यसमा पाँचजना विभिन्न जातका र विभिन्न कारणले माग्न बाध्य भएकाहरूलाई वैयक्तिक अध्ययन (Case Study) को रूपमा प्रस्तुत गरिएको छ ।

मगन्तेहरूको विभिन्न सामाजिक अध्ययन उमेर र लैङ्गिक बनावट अध्ययन गर्दा ४५ देखि ४९ वर्ष उमेर समूहमा २२% प्रतिशत, ५ देखि ९ वर्ष उमेर समूहमा पुरूष मात्र २% प्रतिशत रहेका छन् । ५० जना मगन्तेहरूबाट सर्वेक्षण गरिएकोमा ३८ जना पुरूष र १२ जना महिला मगन्तेछन् ।

मगन्तेहरूको शैक्षिक स्थितिको सम्बन्धमा अध्ययन गर्दा ५६% प्रतिशत महिला एवं पुरूष निरक्षर भएको र ४४% प्रतिशत महिला तथा पुरूष साक्षर भएको देखिन आएको छ । मगन्तेहरूको जातीय बनावटको सम्बन्धमा ५% प्रतिशत अन्य जातजातिका (दमाई, कामी, सार्की, मुसहर, कोहोरी आदी) क्षेत्री २२% प्रतिशत र ब्राह्मण ८% प्रतिशत देखिएको छ ।

पशुपतिनाथ मन्दिर पवित्र एवं दर्शनीय भएको कारण यहाँको महत्व र आकर्षणको भिन्नै ऐतिहासिकता रहेको छ । यस क्षेत्र वरपर रहेर मागेर गुजारा गर्नेहरूको धार्मिक बनावटको सम्बन्धमा हिन्दु धर्म मान्ने मगन्तेहरू १४% प्रतिशत रहेका छन् ।

मगतन्तेहरूको पारिवारिक बनोट जस्तो भएता पनि पारिवारिक र आर्थिक विपन्नता अशक्त रोगीका कारण मगन्ते भएको बहुसंख्यक रूपमा देखिन आएको छ । यसरी दाजु–भाई, दिदी–बहिनी दुवै हुने मगन्ते २०% प्रतिशत, कोही नहुने मगन्ते १८% प्रतिशत रहेको देखिन आउँछ ।

मगन्तेहरूको बोल्ने भाषामा ७०% प्रतिशत नेपाली भाषा बोलिने र २८% प्रतिशत हिन्दी, मैथली र भोजपुरी बोलिने गरेको छ । यसको कारण देशको तराई क्षेत्रमा यी भाषाहरू बहुसंख्यक रूपमा बोलिनु हो ।

मगन्तेहरूको माग्न आउनु अघिको वैवाहिक अवस्थामा ३५% प्रतिशत विवाहित देखिएको, अविवाहित मगन्तेहरू २४% प्रतिशत देखिन आएको छ ।

मगन्तेहरूको माग्न आउनु अघिको पारिवारिक खाने लाउने आर्थिक स्थितिको सन्दर्भमा खाने लाउने नपुग्ने मगन्तेहरू ४६% प्रतिशत, खान लगाउन पुग्ने २४% प्रतिशन देखिएको छ ।

मगन्तेहरूको हालको शारीरिक अवस्थाका बारेमा सामान्य अवस्थाका मगन्तेहरू ५२% प्रतिशत, अपाङ्ग अवस्थाका २२% प्रतिशत रहेको छ । सामान्य अवस्थाका व्यक्तिहरू पनि मगन्तेभएर हिंड्ने, अपाङ्ग एवं असामान्य कारण, बृद्ध अवस्थाका कारण र शारीरिक दुर्वलताका कारण यो पेशामा लाग्ने गरेको पाइएको छ ।

मगन्तेहरूको घर परिवार छोडेर हिंड्नु कारणमा १६% प्रतिशत सौता/सौतेनी बुबा आमाको कारण घर छोडेर हिंडेको, १४% प्रतिशत एक्लो भएर, १४% प्रतिशत घर परिवार छोडेर हिंडेको अध्ययनले देखाएको छ ।

मगन्तेहरू ६४% प्रतिशत हाल पाटी पौवामा बस्ने, १०% प्रतिशत मगन्तेहरू छाप्रामा बस्ने, पेटीमा बस्ने मगन्तेहरू १०% प्रतिशत देखिन आएको छ ।

मगन्तेहरू माग्न थालेको समयावधिलाई अध्ययन गर्दा १ देखि ४ वर्ष माग्न थालेको बताउने ५४% प्रतिशत, ५–९ वर्ष माग्न थालेको बताउने ४२% प्रतिशत, १०–१४ वर्ष माग्न थालेको बताउने २% प्रतिशत र १५–१९ वर्ष माग्न थालेको बताउने २% प्रतिशत रहेका अनुसन्धानले देखाएको छ ।

मगन्तेनै हुनुपर्ने कारणको सन्दर्भमा आर्थिक अवस्था कमजोर भई मगन्ते हुनेहरू ५०% प्रतिशत, शारीरिक दुर्वलताका कारणले मगन्ते २२% प्रतिशत, अपाङ्गका कारणले मगन्ते १४% प्रतिशत, त्यसै मगन्ते ८% प्रतिशत, जातै मगन्ते भएको कारणले मगन्ते ६% प्रतिशत रहेका छन् । मगन्तेहरूको विभिन्न क्रियाकलापहरूका विषयमा मगन्तेहरू माग्न बस्दा के गर्दछन् भनी जान्दा ७४% प्रतिशत मगन्ते एक्लै माग्न बस्ने देखिन आएको छ ।

मगन्तेहरूले माग्न बस्दा अपनाउने तरिकामध्ये ४२% प्रतिशत एकै स्थानमा बसिराख्ने, केही प्रतिशत, विरामी भएको बहाना गर्ने, केही प्रतिशत कराउँदै पछ्याउने र घाउ भएको बहाना गर्ने मगन्तेहरू केही प्रतिशत भएको देखियो ।

हाल मगन्तेहरूको दैनिक आम्दानी रू. ३०।– देखि ४०।– सम्म कमाउने २६% प्रतिशत, रू. ५०।– भन्दा माथि कमाउनेहरूमा १६% प्रतिशत भएको देखिन आएको छ ।

मगन्तेहरूले मागेर ल्याएको अन्नको प्रयोग गर्ने तरिकामध्ये आफै खान्छु भनी जवाफ दिने मगन्तेहरू ७६% प्रतिशत र आफू प्रयोग नगरी विक्री गर्छु भन्ने मगन्तेहरू २४% प्रतिशत भएको पाइयो ।

मगन्तेहरूले आम्दानी नभएको दिन गुजारा चलाउने तरिका पहिलेको बचतबाट झिकेर चलाउने ७२% प्रतिशत र २०% प्रतिशतले साथीभाईसँग सापट लिएर चलाउने बताए ।

मगन्तेहरूको खानादेखि बाहेक अन्य खर्च, चिया, चुरोट, खैनीमा खर्च गर्ने ६२% प्रतिशत अन्यमा खर्च गर्ने २४%प्रतिशत रहेको र मद्यपानमा खर्च गर्नेहरूमा १४% प्रतिशत रहेका छन् ।

मगन्तेहरू बिरामी हुँदा उपचार गराउने स्थानमध्ये ५८% प्रतिशतले अस्पताल बताए, २४% प्रतिशतले उपचार नै नगराउने बताए ।

मगन्तेहरूले पानी नपाएर सरसफाइप्रति वास्ता नगरेको भनी बताउने ४८% प्रतिशत, मन नलागेर सरसफाइ नगर्ने २०% प्रतिशत रहेका छन् ।

मगन्तेहरूलाई माया गर्नेहरूमा साथीभाईले माया गर्ने २४% प्रतिशत दर्शनार्थीले माया गर्ने २८% प्रतिशत देखिन आएको छ ।

मगन्तेहरूको सामाजिक एवं सांस्कृतिक दृष्टिकोणको सन्दर्भमा घरबाट लिन आए नजाने मगन्तेहरू ६४% प्रतिशत, घरबाट लिन आए जाने मगन्तेहरू २२% प्रतिशत र विचार गर्नुपर्छ भन्ने मगन्तेहरू १४% प्रतिशत रहेका छन् ।

मगन्तेहरूको जन्म मृत्यू हुँदा गर्ने संस्कार सम्बन्धी ५०% प्रतिशत मगन्तेहरूले नगरपालिकाले गर्छ भने, लावारिस हुन्छ भनी बताउने मगन्तेहरू २०% प्रतिशत भएको देखिन आएको छ ।

पशुपति मन्दिर क्षेत्र वरपरि रहेर मगन्तेभई बसेका मगन्तेहरूसँग जानकारी लिंदा ५४% प्रतिशत मगन्तेहरूले काम गर्ने भनी बताए, केही नगर्ने भन्नेहरू ४२% प्रतिशत र पढ्ने भन्नेहरू ४% प्रतिशत भनेर बताए । यो उनीहरूको भविष्यप्रतिको दृष्टिकोण थियो ।

मगन्तेहरूको मगन्ते पेशाप्रतिको आकर्षण र यो पेशा नछाड्ने मगन्तेहरू ५६% प्रतिशत र अन्य काम पाउँदा छोड्ने मगन्तेहरू ४४% प्रतिशत रहेको देखियो । शारीरिक अस्वस्थता, अपाङ्ग, बृद्ध विभिन्न कारणले श्रम गर्न अशक्त भई यो पेशामा लाग्नेहरू शारीरिक कारणबाट यो पेशा नछाड्ने भनी बताउँछन् ।

मगन्तेहरू कस्तो अवस्थामा माग्न छोड्न सक्छन् भन्ने सन्दर्भमा ४८% प्रतिशत मगन्तेहरूले नछोड्ने, काम पाउँदा छोड्ने ४४% प्रतिशत रहेको देखिन्छ ।

## ६.२ निष्कर्ष

गरिब र विभिन्न सामाजिक कारणले भिख माग्न बाध्य हुनुपरेको मगन्तहरूको समुचित संरक्षण गर्नु हाम्रो मानवीय दायित्व हुन आउँछ । यो सरकारको कर्तव्य पनि हो । मगन्तेहरूको समूहप्रति समुचित ध्यान नपुगेको खण्डमा देशको सिर्जनशील शक्ति दिशाविहीन भएर बाटो र सार्वजनिक स्थानहरूमा माग्न बस्ने सङ्ख्या बढ्दै जाने हो भने देशको सभ्यता र संस्कृतिमा नै कलङ्क लाग्न जान्छ । अझ बाल मगन्तेहरू मुख्यतया उपेक्षाा उदासिनता र बेवास्थाका उपज हुन र यी अधिकांश कुनै सहारा नभएको, भए पनि हेरविचार नगरेको, घर जग्गा नभएको वा त्यसबाट गुजारा चल्न नसक्ने वा सौतेनी आमा वा परिवारको व्यवहारले अपहेलित र उपेक्षित भई मगन्तेहुने गरेको बढी पाइन्छ ।

नेपालको संविधानले सम्पूर्ण नागरिकहरूको मौलिक अधिकार तथा कर्तव्यको व्यवस्था गरेको  छ । संविधानमा सम्पूर्ण नागरिकहरू कानूनका समान हकदार भनी उल्लेख गरिएको छ र कानूनी रूपमा पनि नाबालक, गरिब, कङ्गाल तथा मगन्तेहरूको संरक्षण गरेको पाइन्छ । यसरी कानूनी संरक्षण हुँदा हुँदै पनि मगन्तेहरूको सङ्ख्या दिनहुँ बढिरहेको पाइन्छ । धेरैजसो मगन्तेहरू छिमेकी राष्ट्र भारत र भुटानबाट आएर मगन्ते गरेको पाइन्छ । यसरी आएका मगन्तेहरूमा अधिकांश पुरूष र महिला कम सङ्ख्यामा देखिएका हुन् । पशुपति क्षेत्र वरिपरि मगन्ते पेशा अपनाएका मगन्तेहरूको परिवार भएको पाइए पनि परिवारबाट टाढा रही र सम्पर्कविहीन तथा परिबारबाट लिन आएमा घर फर्कनेको सङ्ख्या अधिक देखिन्छ । मगन्तेहरू साथीभाईसँग माग्न बस्ने गर्दछन् र सँगै माग्न बस्नेहरूसँग सम्बन्ध राम्रो भएको फलस्वरूप बिरामी पर्दा तथा आम्दानी नभएका बखत एकअर्कालाई मद्दत गर्ने गर्दछन्। धेरैजसो मगन्तेहरू एकै ठाउँमा बसेर एक्लै मगन्ते र केही मगन्तेहरू विभिन्न ठाउँ र समूहमा मगन्ते गर्दछन् ।

धेरैजसो मगन्तेहरूको दैनिक आम्दानी ५ रूपैयाँदेखि २०० रूपैयाँसम्म हुन्छ । उनीहरूको चाडपर्वको दिनमा अझ बढी आम्दानी हुन्छ । भिख माग्दा वा माग्न बस्दा बिरामी भएको, कराउँदै पछ्याउने, बसिरहने र झुत्रो मैला लुगा लगाएर बस्ने गर्दछन् । माग्दा अन्न, पैसा, फलफूल र कहिलेकाहीं लत्ताकपडा पनि पाउँछन् । मागेर प्राप्त गरेको वस्तुहरू आफैले राख्दछन् । मगन्तेहरू आफ्नो भविष्यप्रति आफैं सचेत छन् । कुनै काम पाए गर्ने र घरपरिवार बसाउने पनि चाहन्छन् । काम पाए मगन्ते पेशा छोड्न उत्सुक पनि

छन् । केही लेखपढ गर्न रूची राख्ने र रोजगारी गर्न ईच्छुक पनि छन् । खर्च गर्ने प्रवृत्तिमा अधिकांस बचत गर्ने र मागेर प्राप्त आम्दानी चुरोट, खैनी, सिनेमा हेर्न र मेलामा पनि खर्च गर्न मन पराउन्छन् ।

मगन्ते पेशा राम्रो आम्दानी र भरपर्दो व्यवसाय मानेर यसमा लाग्ने र केटाकेटीहरू मगन्तेपेशाबाट आकर्षक आम्दानीबाट प्रोत्साहित हुने गरेका छन् । मगन्तेपेशालाई नियमित मानेर बस्नेहरू पनि छन् । मगन्तेकामबाट मुक्ति चाहनेहरूलाई सहयोग पुऱ्याउन सरकार र समाजसेवी संघसंस्थाहरूले ठोस् सहयोग गरी उनीहरूलाई रोजगारी व्यवस्थातिर आत्मनिर्भर बनाउन सक्दो ध्यान दिनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री


अग्रहरि, सिताराम, २०४६, *"भिक्षाटन गर्न दुःखले जोगी"*, **गोरखापत्र**, पौष ६, गोरखापत्र संस्थान, धर्मपथ ।

कानून तथा न्याय मन्त्रालय, २०४७, **नेपाल ऐन संग्रह खण्ड** (९ क), शिक्षा माग्ने निषेध, ऐन २०१८ ।

**कान्तिपुर शिलालेख सूची**, नेपाल राष्ट्रिय पुस्तकालय ।

**गोपाल वंशावली,** नेपाल राष्ट्रिय पुस्तकालय ।

**गोरखापत्र,** पौष १४, २०४३ ।

**गोरखापत्र,** फाल्गुण १४, २०४३ ।

**गोरखापत्र,** चैत्र १४, २०४३ ।

टण्डन, गोविन्द, २०४१, **देवपाटन स्थित श्री पशुपतिनाथको मन्दिरको सांस्कृतिक अध्ययन,** काठमाडौं ।

टण्डन, गोविन्द, **सन् १९८७,** *"देवपाटनको प्राचिनता र महत्त्व"*, **नेपलीज कल्चर, भो. ४, पृ. १५ ।**

दाहाल, शुशिला, २०५१, **पशुपति पञ्चदेवलमा बसोबास गर्ने बृद्धबृद्धा : एक मानवशास्त्रीय अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि.वि. काठमाडौं

नेपाल ज्ञानमणि, २०५०, **नेपाल निरुक्त ।**

भट्टराई, टीका २०४१, **बृद्धाश्रमका बृद्धबृद्धाहरू एक समाजशास्त्रीय अध्ययन,** अप्रकाशित शोधपत्र त्रि.वि.वि. काठमाडौं ।

**भाषा वंशावली, भाग एक,** नेपाल राष्ट्रिय पुस्तकालय ।

**मेचीदेखि महाकालीसम्म,** २०३१, मध्यमाञ्चल क्षेत्र सूचना विभाग ।

रेग्मी जगदिश, २०५५ **प्राचिन नेपाल ।**

राणा, निर्मल शम्सेर, २०३०, *"नेपालको लागि माग्ने एक समस्या"*, **गोरखापत्र** दैनिक, आषाढ, ३ गते ।

**लिच्छविकालीन अभिलेख,** नेपाल राष्ट्रिय पुस्तकालय

वाङ्गदेल, लैनसिंह, २०३९, **प्राचिन नेपाली मूर्तिकिलाको इतिहास,** ने.रा.प्र.प्र. ।

वैद्य तुलसीराम, **भ्वाईस् अफ हिष्ट्री,** भो. ८ ।

**संस्कृत सन्देस,** नेपाल राष्ट्रिय पुस्तकालय ।

**श्री ५ पृथ्वीनाराणि शाहको सन्दे**श, हनुमान ढोकादरबार, काठमाडौं ।

कोठारी, सि.आर., १९८८, **रिसर्च मेथोडोलोजि मेथड्स एण्ड टेक्निक्स,** पव्लिस्ड बाई भि.एस. जोहरी फार विश्व प्रकाशन, ।

रेग्मी, महेश चन्द्र, १९५५, **ल्याण्ड टेनर एण्ड टेक्सेसन इन नेपाल** ।

सिघ सध, १९८८, **रिसर्च मेथोडोलोजि ईल सोसल साईन्स**, हिमालयन पब्लिशिङ हाउस, ।

## सोधकार्य गर्दा सोधिने प्रश्नावलीको नमुना यस प्रकार रहनेछ

१. उत्तरदाताको परिचय

- नाम :
- लिङ्ग :
- उमेर :
- मातृभाषा :
- धर्म :
- शिक्षा : साक्षर/निरक्षर
- शिक्षा भए छोडेको कारण )
- बैवाहिक स्थिति :- बिवाहित /अबिवाहित / बिधवा / बिधुर
- शारिरिक अवश्था :- सममान्य / असामान्य / अपाङ्ग
- जन्म स्थान : अञ्चल :- जिल्ला :- न.पा./गा.वि.स. :
- वडा नं. :

२. परिवार भए परिवारका सदस्यहरूको विवरण

| | पेशा | जिवित | मृतक | छैन |
|---|---|---|---|---|
| बुवा | | | | |
| आमा | | | | |
| दाजु | | | | |
| भाइ | | | | |
| दिदी | | | | |
| बहिनी | | | | |
| सौतेनी आमा ( छ भने ) | | | | |
| सौतेनी बुवा ( छ भने ) | | | | |
| अन्य | | | | |

३. माग्न आउनु अघि तपाईको घर कस्तो थियो ?

(.................................)

४. यस ठाउँमा आएर भिख माग्न बसेको कति बर्ष भयो ?

(................................)

५. यसरी घर छोडेर आउनुपर्ने कारण के हो ?

(................................)

६. घर होडेर आउँदा साथमा के ल्याउनु भएको थियो ?

(..............................)

७. घर छोडेर आउँदा कतै काम गरेको थियो कि थिएन ?

(.............................)

८. किन मागेको ?

(..............................)

९. यो ठाउँमा को मार्फत आइपुग्नु भयो ?

(..............................)

१०. घर छोड्नुअघि पेशाा के थियो ?

(..............................)

११. माग्न बस्दा आफैँलाई ग्लानी हुन्छ कि हुदैन ?

(..............................)

१२. घर, परिवार, आफन्तहरू पनि यहाँ माग्न बसेका छन् ?

(..............................)

१३. तपाइँ एक्लै बस्नु भएको छ कि परिवार पनि संगै छन् ?

(...............................)

१४. यस मन्दिर परिसरमा तपाई कहाँ बास बस्नुहुँछ ?

(...............................)

१५. ओढ्न ओछ्याउने के के छ ?

(...............................)

१६.  बास बसेको बखत कसैले दु:ख दिन्छ कि दिदैन ?

(...........................)

१७.  तपाईलाइ आफ्नो घरको आर्थिक सिथिति बारे थाहा छ कि छैन ?

(...........................)

१८.  तपाईको जग्गा कति थियो ?

(...........................)

१९.  उक्त कमाइले खान लाउन पुग्थ्यो ?

(............................)

२०.  मागेर खान कति कठिन छ ?

(.............................)

२१.  कि सजिलै पेट पाल्न सकिन्छ भनेर ?

(..............................)

२२.  दैनिक कृयाकलाप :

- बिहान कति बजे उठ्नुहुन्छ ? (४, ५, ६, ७,.........बजे )
- कति बजे माग्न जानुहुन्छ ? ? (५, ६, ७, ८.........बजे )
- कति बेलासम्म माग्नुहुन्छ ? ( बिहान मात्र/ दिउँसो मात्र /दिनभरि/ बिहान र दिउँसो/ साँझमा )

२३.  माग्ने तरिका :

(.............................)

२४.  सधै माग्नुहुन्छ कि ? कहिलेकाहीँ मात्र ? यहाँ मात्र ? अरु ठाउँमा पनि ?

(...............................)

२५.  मागेर ल्याएको अन्न के गर्नु हुन्छ ?

(...............................)

२६.  मागेर ल्याएको अन्न पैसा साँचेर राखेको छ ?

(................................)

२७. दैनिक कति जति कमाइ हुन्छ ?

(रु. ............................)

२८. कुन चाडपर्वमा सबैभन्दा बढी कमाइ हुन्छ ?

(....................................)

२९. माग्न नआएको दिन के गर्नु हुन्छ ?

(.....................................)

३०. मागेको पैसा वा अरु केही कसैले खोस्छ कि खोस्दैन ?

(.....................................)

३१. माग्न बस्दा बटुवाबाट कस्तो व्यवहार पाउनुहुन्छ ?

(....................................)

३२. कहाँ खाना खानुहुन्छ ?

(....................................)

३३. सामाजिक सम्बन्ध :

- यो पेशामा संलग्न अरु व्यक्तिहरूसगँ कस्तो सम्बन्ध छ ?

  (....................................)

- झगडा पर्छ कि पर्दैन वा मनमुटाब हन्छु कि हुँदैन ?

  (....................................)

- तपाईको कसैसगँ प्रेम सम्बन्ध छ कि छैन ?

  (....................................)

- यदि छ भने कति समय भयो ?